# रामेछाप नगरपालिकाको तेह्रौं नगर सभामा रामेछाप नगरपालिकाका प्रमुख श्री लवश्री न्यौपानेज्यूले पेश गर्नु भएको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम

**रामेछाप नगरपालिकाका उपप्रमुख ज्यू,**

**नगर सभाका सदस्य सचिव ज्यू,**

**नगरसभा सदस्यज्यूहरु,**

**संचारकर्मी मित्रहरु,**

**तथा रामेछाप नगरपालिकाका सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु,**

पछिल्लो पटक नेपालको संविधान जारी भए पश्चात् दोश्रो पटक २०७९ को स्थानीय तह सदस्य निर्वाचन स्वच्छ, निश्पक्ष, स्वतन्त्र र मर्यादित वातावरणमा सम्पन्न भएबाट यसले लोकतन्त्रलाई जगैदेखि बलियो वनाएको छ । जन चाहना अनुरुप नागरिकको घरदैलोमा सेवा प्रदान गर्ने आधार स्तम्भको रुपमा रहेको स्थानीय तहको निर्वाचनमा आम नागरिक, राजनीतिक दल र मतदाताहरु उत्साहका साथ सहभागी भएबाट नेपालको संविधान र राजनीतिक प्रणालीमा हामी सबैको साझा स्वामित्व स्थापित भई यसले प्रतिस्पर्धात्मक वहुदलीय लोकतान्त्रिक शासन प्रणालीको जगलाई अझ मजवुत वनाएको छ ।

निर्धारित समय भित्रै स्थानीय तहको निर्वाचन भई गठन भए सँगै लोकतान्त्रिक मुल्य, मान्यता र विधिको शासनमा आधारित भएर समाजबाद प्रति प्रतिवद्ध रही दिगो शान्ति, सुशासन, विकास र समृद्धिको चाहना पुरा गर्ने दिशामा अग्रसर रहन थप सवल आधार प्राप्त भएको मैले महशुस गरेको छु । यस सुखद घडीमा संघीयता कार्यान्वयन पश्चात् रामेछाप नगरपालिका स्थानीय सरकारको दोस्रो कार्यकालको दोश्रो आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय १३ औं नगर सभामा पेश गर्न पाउदा मलाई गर्वको अनुभुति भएको छ ।

यस अवसरमा म नेपाल राष्ट्रको रक्षा र अग्रगमनका लागि आठ दशक लामो वलिदानीपूर्ण संघर्षको विभिन्न काल खण्डमा सहादत प्राप्त गर्नु हुने महान सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । विगतका यी संघर्ष र आन्दोलनमा नेतृत्व प्रदान गर्नु हुने श्रद्धेय नेताहरुको योगदान हाम्रा लागि सदैव

प्रेरणादायी भएको र ती संघर्ष र आन्दोलनहरुमा आम नागरिकले पुऱ्याएको योगदानले हामीलाई सदैव कर्तव्य पथमा डोहोऱ्याई रहने भएकोले वहाँहरु प्रति म हार्दिकतापूर्वक उच्च सम्मान व्यक्त गर्दछु ।

विभिन्न जातजाती, भाषा, धर्म र संस्कृतिको साझा फुलबारीको रुपमा मानिसहरुको मिश्रीत वसोवास रहेको रामेछाप नगरपालिका पुष्पलाल श्रेष्ठ तथा गंगालाल श्रेष्ठको जन्मस्थान भंगेरी, ताराखसे पोखरी, केवलेश्वर महादेव मन्दिर, डुकुरसिंह डाँडा, थानी डाँडा, भालुखोप भ्यूटावर, गणेशटार, थरहरी डाँडा, तिल्केस्थानगढि, उदयनारायण तथा वितिटार पार्क, कालिका निशान भगवती मन्दिर, भिमसेनथान ल्याङल्याङ, १६ भगवती तथा मनकामना मन्दिर हिमगंगा, सिम्लेबालकन्यादेवी मन्दिर, मानेडाँडा, कालिका देविस्थान, लोपोन्मुख हायू जातीको महाकाली देवी मन्दिर आदि रहेका छन् । प्राकृतिक रुपमा सुन्दर, ठन्डा हावापानी, गाँउले परिवेश र सामाजिक, सास्कृतिक, आर्थिक एवम् पर्यटकीय दृष्टीले महत्वपूर्ण एवम् कृषि र पशु विकासको दृष्टिले प्रचुर सम्भावना वोकेको रामेछाप नगरपालिका, रामेछाप जिल्लाको पुरानो सदरमुकामको रुपमा चिनिन्छ ।

**नगर सभा सदस्यज्यूहरु,**

अब म रामेछाप नगरपालिकाको सम्मानित १३ औं नगरसभामा यस नगरले लिएको लक्ष्य **"शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, पर्यटन र पुर्वाधार, समुन्नत र समृद्ध रामेछाप निर्माणको आधार"** लाई आत्मसात गर्दै आम नगरवासीहरुको समृद्धिका लागि चालु आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका लागि नेपालको संविधान, दिगो विकासका लक्ष्य, १५ औं आवधिक योजना, स्थानीय सरकार संचालन ऐन, २०७४ (संशोधन सहित), रामेछाप नगरपालिकाको बजेट तर्जुमा दिग्दर्शन, २०७४ (संशोधन सहित), नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ, मार्गदर्शन र प्राथमिकताहरु, स्थानीय आवश्यकता र प्राथमिकताको आधारमा देहाय अनुसारका विषयवस्तुहरुलाई समेट्ने गरी वार्षिक नीति, कार्यक्रम तथा बजेटको प्राथमिकीकरण गरेको छु ।

- ✓स्थानीय श्रोत साधानमा आधारित भई जनसहभागिता अभिबृद्धि गर्ने ।
- ✓उत्पादनमुलक र छिटो प्रतिफल दिने ।
- ✓विपद् व्यवस्थापन र वातावरण संरक्षणमा योगादन पुर्याउने ।
- ✓आर्थिक विकास र गरिबि निवारणमा प्रत्येक्ष योगदान पुर्याउने ।
- ✓लैंगिक समानता, सामाजिक समावेशिकरण अभिबृद्धि हुने ।

✓ बालमैत्री स्थानीय शासनको संस्थागत विकास गर्ने ।
✓ सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने ।
✓ स्थानीय राजस्व परिचालनमा प्रत्यक्ष योगदान पुर्याउने ।
✓ नगरवासीलाई विपद् तथा जलवायू परिवर्तन उत्थानशील बनाउने ।
✓ अधुरो तथा क्रमागत योजनाहरुको लक्ष्य प्राप्ति हुने ।

लोकतान्त्रिक मूल्य र मान्यतालाई आत्मसात गर्दै नगरवासीहरुको व्यापक सहभागितामा निर्णय गरी अन्तर सरकारी वित्तिय हस्तान्तरण र स्थानीय श्रोत साधनको अधिकतम परिचालन मार्फत नगरवासीहरुको जीवनस्तरलाई स्वस्थ एवं समृद्धीउन्मुख गराउने र नगरपालिका क्षेत्र भित्र विकासका बहुपक्षीय आयामहरुको समन्वय र सन्तुलित परिचालन मार्फत विकसित नगरपालिकाको निर्माण गर्ने लक्ष्य तथा स्थानीय तहमा नै सबै सरकारी सेवाहरुको उपलब्धता एवं शिघ्र र निश्पक्ष न्याय सम्पादन गराउने उद्धेश्यका साथ तयार गरिएको उल्लेखित वार्षिक नीति तथा कार्यक्रमबाट देहाय बमोजिमको उपलब्धी हासिल हुने अपेक्षा लिईएको छ ।

1. नीति तथा कार्यक्रमहरुको कार्यान्वयन पश्चात् नगरपालिकाको विकास निर्माणका गतिविधिहरु गुणस्तरीय, दिगो र सन्तुलित रुपमा अगाडी बढी जनताले प्रत्यक्ष रुपमा सो को प्रतिफल प्राप्त गर्ने ।
2. विकास निर्माणका कार्यक्रमहरु सञ्चालनमा जनसहभागिता, अपनत्व र पारदर्शिता अभिवृद्धि हुने ।
3. स्थानीय स्तरमा नै आधारभुत सरकारी सेवाहरु उपलब्ध हुने ।
4. नतिजामुलक र दीगो विकासको लक्ष्य प्राप्ति हुने ।
5. संकटको अवस्थामा नगरबासीहरुलाई अभिभावकको भूमिका प्रदान हुने ।

**नगर सभा सदस्यज्यूहरु,**

आगामी आर्थिक वर्ष २०८०/०८१ को लागि रामेछाप नगरपालिकाका समग्र नीतिहरु तयार गर्दा राष्ट्रिय विकास लक्ष्य तथा नीति र प्रदेश सरकारका नीति सँग सामन्जस्यता हुने एवंम् नेपाल सरकारले लिएको राष्ट्रिय लक्ष्य (दीगो विकास लक्ष्य) प्राप्तिमा सघाउ पुग्ने गरी योजना तथा कार्यक्रमहरु संचालन गर्न संघ, प्रदेश र स्थानीय तहको लक्ष्य, उद्धेश्य र प्राथमिकतालाई आत्मासाथ गर्दै रामेछाप नगरपालिकाको दीर्घकालिन लक्ष्य **“शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, पर्यटन र पूर्वाधार, समुन्नत र समृद्ध रामेछाप निर्माणको आधार”** लाई दुरदृष्टी मानी सोही अनुसार क्रमशः लक्ष्य पुरा गर्दै जाने गरी देहाय बमोजिम दूरदृष्टि, लक्ष्य, र नीतिहरु तय गरिएको छ ।

दुरदृष्टि (Vision) **“समुन्नत र समृद्ध रामेछाप नगर ”**

ध्येय (Mission) शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, पर्यटन र पूर्वाधारको क्षेत्रमा गुणात्मक विकास गर्दै समुन्नत र समृद्ध रामेछाप नगर निर्माणको आधार तयार गर्ने ।

## नीतिहरु (Policies)

### समष्टिगत नीतिहरुः

१. नागरीकमा प्रवाह हुने सेवालाई छिटो, छरितो, चुस्त र प्रभावकारी बनाउन जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गरी आवश्यक ऐन, कानून, कार्यविधि तथा निर्देशिका तयार गरी लागू गरिनेछ ।

२. जनताप्रतिको जवाफदेहिता र उत्तरदायित्व सुनिश्चित गर्ने सन्दर्भमा नागरिक सेवा प्रवाह वडा पत्रलाई अद्यावधिक, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षणका कार्यक्रमहरु संचालन गरिनेछ ।

३. “**विवाद होईन, संवाद**” भन्ने नारा सार्थकताकालागि मेलमिलापकर्ताबाट नै विवाद समाधानको प्रयास तथा न्यायीक समितिमा दर्ता हुन आएका विवादहरुलाई व्यवहारिक तथा कानून सम्मत मेलमिलापको सिद्धान्त बमोजिम छिटो, छरितो तवरबाट न्याय निरुपरण गरिनेछ ।

४. “सामुदायिक बन, फलाउने छ धन” अभियान संचालन गरि जल, जमिन, जंगल, जडिबुटि, जैविक विविधता (५ ज) को संरक्षण गर्दै, महामारी, वन

जंगलमा आगलागी रोकथाम तथा नियन्त्रण र विपदको पूर्व तयारीलाई आधार प्रदान गर्न जोखिम नक्सांकन सहितको भू-उपयोग योजना तयार गरिनेछ ।

५. स्थानीय विपद् व्यवास्थापन समिति मार्फत स्थानीय आपतकालिन कार्य संचालन केन्द्र ९भ्इक्ष्ृ० स्थापना गरी आवश्यक श्रोत साधन र सामाग्रीको व्यवस्थापन गरी प्रभावकारी रुपमा संचालन गरिनेछ ।

६. संघ र प्रदेश सरकारवाट नगरलाई नियमित रुपमा प्राप्त हुने विभिन्न अनुदान रकमबाट सञ्चालन हुने गरी योजना छनौटमा हुने छड्के प्रवेशको अन्त्यका लागि आगामी वर्ष देखि स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा नगरकार्यपालिका तथा नगरसभाबाट प्राथमिकिकरण सहित सिफारिश गरिएका आयोजना र कार्यक्रमहरुमा मात्र रकम विनियोजन गर्न संघ तथा प्रदेश सरकारलाई अनुरोध गर्दै सोही अनुसार मात्र ठुला पूर्वाधार आयोजना सञ्चालनको प्रवन्ध मिलाईनेछ ।

७. रामेछाप नगरपालिकाको वडा नं. ८ रामेछाप बजार हुदै भालुखोप, गणेशटार, वडा नं.२ देउराली शहिदगेट, वडा नं. १ गोगने रातोडाडा, चण्डेश्वरी बडा नं. ३ सुवेदीटोल, साँघुटार, वडा नं. ४ बसेरी लिखु करिडोर वडा नं. ५ कोलोञ्जोरघाट, मरिनघाट, ल्याङ्गल्याङ्ग, भिमसेनथान हुदै रामेछाप बजार सम्मको सडकलाई नगरस्तरीय चक्रपथ निर्माणकालागि विस्तृत परियोजना प्रतिवेदन तयार भएको र सो सडक निर्माणकालागि संघिय तथा प्रदेश सरकारसँग अनुरोध समेत गरीएको छ साथै सुनकोशी करिडोर सडकलाई नगर गौरवको योजनाको रुपमा अघि बढाईनेछ ।

८. कालिकुवा चोक देखी चाम्बोट च्यास्कु रामपुर कोलोञ्जोरघाट सम्मको सडकलाई नगरको गौरबको योजनाको रुपमा संचालन गरिएकोमा आगामी ३ वर्ष भित्र सडक स्तरोन्नती गरी कालोपत्रे सडक निर्माण र देउराली चण्डीडाडा साँघुटार सडकलाई समेत सडक स्तरोन्नतीको कार्य संघीय सरकार सँगको समपुरक अनुदान कार्यक्रमबाट सम्पन्न गरीनेछ । अन्य सडकहरु नगरस्तरीय र वडास्तरमा संचालन हुनेछन ।

९. सेलेघाट-रामेछाप-साँघुटार सडक निर्माणको क्रममा रामेछाप बजारमा सडक निर्माणमा सहजताकालागि कारागारचोकबाट पालेबन बाईपास सडक निर्माणको कार्य अगाडि बढाईनेछ र सेलेघाट-रामेछाप-साँघुटार सडक निर्माण भई सके पछि सडकका दाया बाया खाली जमिनमा फूलका विरुवाहरु रोपिने छ ।

९. भूउपयोग क्षेत्र वर्गिकरण गरी कृषि योग्य जमिन चक्लाबन्दिको कार्य गर्दै सघन शहरी विकास कार्यक्रमको थालनी गरीनेछ । साथै राष्ट्रिय भूमी आयोग सँगको समन्वयमा भूमिहिन सुकुम्बासी, भूमिहिन दलित र अव्यवस्थित बसोबासीहरुको लगत संकलन लगायतका प्रक्रियाहरु पुरा गरी जग्गा धनि प्रमाण पुर्जा वितरण गरीनेछ । वडा नं. ८ को रातमाटे-धारापानी/भंगेरी मुनी हुदै कारागारचोक सम्म शहरी विकासको अवधारणा अनुसार सडक निर्माण कार्य शुरुवात गरिनेछ ।

१०. नगर क्षेत्रमा संचालन गरिने सबै विकास निर्माणका कार्यहरुलाई बालमैत्रि, अपांग मैत्री हुने गरि निर्माण कार्यमा जोड दिदै, कार्यालयबाट सन्चालन हुने आयोजना र कार्यक्रमहरुमा महिला, युवा तथा अपाङ्गता भएका व्यक्तिहरुको नेतृत्वदायी भूमिकालाइ प्राथमिकता दिइनेछ ।

११. राजश्व संकलनकालागि नगरपालिका तथा वडा कार्यालयहरुमा अनलाइन सफ्टवयर मार्फत राजश्व शुल्क र सम्पति कर संकलन कार्य गरिनेछ ।

१२. नियमित संचालनमा आई बार्षिक तथा मासिक प्रतिवेदन बुझाएका उत्कृष्ट सहकारी संस्थाहरुलाई प्रवर्धन गर्नकालागि पुरस्कृत गर्ने तथा निष्कृय रहेका सहकारी संस्थाका संचालकहरुको खोजि गरि खारेजीको प्रक्रिया अगाडी वढाईनेछ ।

१३. **"खेतबारीमा प्राविधिक सेवा, उत्पादनमा टेवा"** अभियान सार्थकता दिन किसान सुचिकरण गरि किसान परिचय पत्र वितरण, एक वडा एक उत्पादन कार्यक्रम, वडा नं.६ को ओखेनीमा चिस्यान भवन (कोल्ड स्टोर), फलफुलको नर्सरी स्थापना, प्लाष्टिक टनेल तथा प्लाष्टिक पोखरी वितरण, बिभिन्न रोग किरा रोकथाम तथा नियन्त्रण गर्न बिषादीको व्यवस्थापन गरी कृषि उत्पादन बजारसम्म ढुवानी गर्न कृषि एम्वुलेन्स संचालन गरिनेछ ।

१४. सुनकोशि नदी तटिय क्षेत्र अत्यन्त सुख्खाग्रस्त रहेकोले विभिन्न निकायहरु सँग समन्वय गरी आवश्यक सिंचाईको प्रबन्ध मिलाईनेछ ।

१५. व्यवसायिक पशुपन्छी फर्महरुको पशुपन्छी निःशुल्क विमा, आवश्यक पर्ने औषधी खरिद गरी वडा प्राविधिक मार्फत निःशुल्क वितरण तथा पशुपन्छी उपचार सेवामा निरन्तरता दिइनेछ ।

१६. **"गोठदेखि ओठसम्म"** स्वच्छ र स्वस्थ दुध, अण्डा र मासु उत्पादन गरि पोषण मैत्री स्थानीय तह घोषणाको लागि जोड दिईनेछ ।

१७. बहुक्षेत्रीय पोषण योजना कार्यक्रम बमोजिम सुनौला हजार दिन कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरी गर्भवती तथा सुत्केरी महिलाहरु एवं बालबालिकाहरुको पोषणको अवस्थामा सुधार ल्याउन बालबालिकाहरुलाई पूर्णखोपको सुनिश्चितता गरिनेछ ।

१८. **“गुणस्तरीय स्वास्थ्य उपचार, जनताको अधिकार”** लाई सुनिश्चित गर्न स्वास्थ्य अवस्थाको जाँचकालागि एकिकृत घुम्ति स्वास्थ शिविर, बर्थिङ सेन्टरहरुलाई व्यवस्थित गर्दै प्रसुतीकालागि निःशुल्क एम्बुलेन्स व्यवस्थाका साथ जिल्ला अस्पताल रामेछापमा विशेषज्ञ चिकित्सक र आँखा सेवा विस्तारलाई निरन्तरता तथा ६० बर्ष उमेर पूरा महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई सम्मानजनक विदाईको ब्यवस्था गरिनेछ भने बागमती प्रदेश सरकारको सहयोगमा साँघुटार स्वास्थ्य चौकीलाई प्राथामिक स्वास्थ्य केन्द्रको रुपमा संचालन गरिनेछ ।

१९. “**बालबालिकालाई विद्यालयमा ल्याउने, सिकाउने र टिकाउने”** दरलाई दिगो बनाउन विद्यार्थी प्रोत्साहन शैक्षिक कार्यक्रमहरु जस्तैः निःशुल्क पाठ्यपुस्तक, छात्रबृत्ति, दिवा खाजा र सेनेटरी प्याड सुविधा, नगर स्वयम सेवक शिक्षक सहयोग, बाल कक्षा शिक्षक तथा सहजकर्ता र विद्यालय कर्मचारीहरुलाई तोकिए बमोजिम न्यूनतम पारिश्रमिक प्रदानका कार्यलाई निरन्तरता दिईनेछ ।

२०. बालमैत्री नगर घोषणाकालागि बाल समूहलाई सक्रियता गरि बालबालिकाहरुको बाल मस्तिष्क सिर्जित प्रतिभाहरुलाई सम्मान र प्रोत्साहनका लागि प्रतिभा पहिचान प्रतियोगितालाई निरन्तरता दिईनेछ ।

२१. **æराष्ट्रकालागि खेलकुद, स्वास्थ्यकालागि खेलकुद”** नारालाई सार्थकता प्रदान गर्न महिला, पुरुष, किशोर किशोरीहरुको सहभागीतामा राष्ट्रपति रनिङ्गशिल्ड लगायतका विभिन्न खेलकुदका कार्यक्रमहरु संचालन गरिनेछ ।

२२. शैक्षिक गुणस्तर सुधार गर्न मेघा विद्यालयको अवधारणा, समय र परिवेश अनुसारको दक्ष जनशक्ति शिक्षा क्षेत्रमा भित्राउन पुराना शिक्षकहरुलाई स सम्मान विदाई, सुत्केरी विदा लिई वसेका शिक्षकहरुको ठाँउमा वैकल्पिक शिक्षकको व्यवस्थापन गरिनेछ ।

२३. हिंसा पिडित महिलाहरुको लागि निःशूल्क कानूनी तथा मनोसामाजिक परामर्श सेवा प्रदान गरी, महिला विरुद्ध हुने सबै प्रकारको विभेद, शोषण, अन्याय र अत्याचारको अन्त्य गरी सभ्य र समतामूलक समाज निर्माणका लागि

राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसका सन्दर्भमा समय सापेक्ष सचेतनामूलक साझा सवालका विषयमा अन्तरक्रिया गरिनेछ ।

२४. “**बालबालिकामा गरेको लगानी, ल्याउछ सुनौलो बिहानी”** नारालाई सार्थकता प्रदानका लागि बालबिवाह, बाल श्रममा न्यूनिकरण गर्दै २०८१ चैत्र मसान्तमा बालमैत्री स्थानीय सुशासनयूक्त नगर घोषणालागि आवश्यक तयारी गरिनेछ ।

२५. जेष्ठ नाागरिक, अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य परिक्षण शिविर, महिलाहरुको आयआर्जनमा बृद्धि गर्नका लागि व्यवसायिक सीप विकास तालिम सञ्चालन गरी महिला सशक्तीकरणमा सहयोग पुऱ्याइनेछ ।

२६. **“जेष्ठ नागरीक सँग मेयर कार्यक्रम”** अन्तरगत ८५ वर्ष उमेर माथिका जेष्ठ नागरीकहरुलाई स्वास्थ्य परिक्षण तथा सम्मान गर्ने तथा प्रसुती भएका महिलाहरुकालागि पोषणयुक्त सुत्केरी कोशेली वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२७. वडा नं. ३ को कुमालटारबाट ओखलढुंगा जिल्लाको नर्मदेश्वर महादेव स्थान जोड्ने गरी लिखुनदी माथि झोलुङ्गपुलको निर्माण कार्यलाई अगाडी बढाईनेछ । अग्ला डाडाँहरुको वारीपारी तथा गहिरो सुख्खा खोला माथि झोलुङ्गे पुलको निर्माण गरी पर्यटन प्रवर्धन तथा स्थानीय रैथाने बालीको उपयोगका साथै होमस्टे प्रवर्धनका कार्य प्रदेश तथा संघिय सरकार सँगको समन्वयमा गरिनेछ ।

२८. रामेछाप नगरको बृहत्तर विकासका लागि सम्बन्धित विषय क्षेत्रका विज्ञहरु सहितलाई आमन्त्रण गरी रामेछाप विकास बहस संचलन गरिनेछ ।

२९. नगर भित्र रहेका पुराना आहाल/पोखरीहरुको संरक्षण गर्ने, प्रमुख खेतीयोग्य टाहारहरुमा सिंचाईको समुचित प्रबन्ध गर्ने साथै पर्यटकिय दृष्टिकोणले महत्वपूर्ण देखिएका ऐतिहासिक भञ्ज्याङ्गहरुलाई पुर्वाधार निर्माण सम्पन्न गर्दै लगिनेछ । साथै भालुखोप भ्यूटावर लामसाङ्गडाडामा बुद्ध पार्क निर्माण गरी पर्यटकिय क्षेत्रको रुपमा विकास गरिनेछ ।

२९. नगरका प्रमुख बजार केन्द्रहरुमा सडक ढलान, ढल व्यवस्थापन लगायतका कार्यहरु क्रमशः संचालन गरिनेछ ।

३०. नगरका प्रमुख सडकहरुलाई बाह्रै महिना यातायातका साधन संचालन योग्य बनाईनेछ ।

३१. रात्रीकालिन समयमा नागरीकहरुको सुरक्षा र व्यवसायको सुरक्षालाई ध्यान दिई प्रमुख बजार केन्द्रहरुमा सौर्य बत्ति जडानको लागि आवश्यक पहल गरिनेछ ।

**नगरसभाका सदस्यज्यूहरु,**

**अब म आर्थिक वर्ष ०८०/०८१ का विषय क्षेत्रगत प्रस्तावित नीतिहरु यस सम्मानित सभा समक्ष पेश गर्दछु ।**

## १. सुशासन तथा संस्थागत विकास नीतिहरु:

- नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने सेवालाई छिटो,छरितो चुस्त र प्रभावकारी बनाउन सूचना प्रविधिको अधिकतम प्रयोग गरिनेछ ।
- नगरपालिका तथा वडा कार्यालयहरुमा दरबन्दी अनुरुपका कर्मचारीहरुको स्थायी पदपूर्ति गरी कर्मचारी कार्य विवरण तथा कार्य सम्पादन सम्झौता गरी परिचालन गरिनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासका लागि ऐन, कानून, कार्यविधि लगायत विविध विषयका तालिम कार्यक्रम संचालन गरिनेछ ।
- जनताप्रतिको जवाफदेहिता सुनिश्चित गर्ने सन्दर्भमा सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षणका कार्यक्रमहरु संचालन गरिनेछ ।
- नगरपालिकालाई आवश्यक पर्ने ऐन, नियम, कार्यविधि, निर्देशिकाहरु आवश्यकतानुसार निर्माण गरी लागू गरिनेछ ।
- सार्वजनिक खरिद कार्यलाई प्रतिष्पर्धात्मक बनाउन विद्युतिय बोलपत्र विधिलाई उच्च प्राथमिकता दिईनेछ।
- नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा रहेको नागरिक वडा पत्रलाई अद्यावधिक गरिनेछ।
- नगरपालिकाका गतिविधिका बारेमा राष्ट्रिय तथा स्थानीय संचार माध्यम (रेडियो/ पत्रपत्रिका आदि) मार्फत सूचना प्रकाशन/ प्रशारण गरी जनतालाई सुसुचित गरिनेछ।
- व्यक्तिगत घटना दर्ता पद्धतिलाई अझ बढी प्रभावकारी र सूचना प्रविधिमैत्री बनाईनेछ।

- कार्यालयमा रहेको बेरुजु फछ्र्यौटका लागि आवश्यक प्रक्रिया अघी बढाइने छ र बेरुजु रहने अवस्थाको अन्त्य गर्नका लागि पेश्की शुन्य नीति अवलम्बन गरिनेछ ।
- न्यायिक समितिमा दर्ता हुन आउने विवादहरुलाई कानून सम्मत तथा व्यवहारिक रुपमा मेलमिलापको सिद्धान्तका आधारमा निरुपण गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरण बैंकिङ प्रणालीमार्फत हुदै आएकोमा यस कार्यलाई अझ सरलिकृत बनाउन आवश्यक प्रयत्न गरिनेछ ।
- योजना अनुगमन कार्यलाई प्रभावकारी बनाउन आवश्यकता बमोजिम विषय क्षेत्र सँग सम्बन्धित विज्ञ सहितको अनुगमन प्रक्रिया अवलम्वन गरिनेछ ।
- नगरपालिकाको संक्षिप्त अवस्था झल्कने जानकारीमूलक ब्रोसर प्रकाशन गरिनेछ।
- नगर भित्रका विभिन्न क्षेत्रमा प्रशंसनीय कार्य गर्ने व्यक्ति/ समूह/ संस्थालाई निश्चित मापदण्डका आधारमा पुरस्कृत गरिनेछ ।
- नगरपालिकाको प्रशासकीय भवन आसपास उपयुक्त स्थानको पहिचान गरी सार्वजनिक शौचालय निर्माण गरिनेछ।आवश्यकतानुसार वडा कार्यालय आसपास र नगरका प्रमुख बजार केन्द्रहरुमा समेत सार्वजनिक शौचालय निर्माण गर्दै लगिनेछ ।
- नगरपालिकामा आयोजना हुने विभिन्न सभा, समारोह, गोष्ठीहरुलाई मध्यनजर गरी नगरपालिकाको प्रशासनिक भवनको माथिल्लो तलामा सुविधा सम्पन्न सभाहल निर्माण गरिनेछ ।
- विभिन्न स्थानीय तहका असल अभ्यासहरुको अनुशरण गर्ने सन्दर्भमा जनप्रतिनिधि र कर्मचारीहरुका लागि अध्ययन अवलोकन भ्रमण कार्यक्रम संचालन गरिनेछ ।
- विशेषतः वडा नं. १, २ र ३ का नागरिकहरुलाई नगरपालिका केन्द्र सम्म आवागमन गर्न अत्यन्त कठिनाई भैरहेकोले हाल संचालनमा आइरहेका यातायात सेवा समितिहरुसँग समन्वय गरी दैनिक १ वटा बस संचालन गर्न आवश्यक पहल गरिनेछ।

- न्यायिक समितिको क्षेत्राधिकार भित्र पर्ने विवाद तथा मुद्दा सुनुवाई गर्न नगरस्तरमा एक इजलास सहित एक मेलमिलाप कक्ष तोकिनेछ ।
- रामेछाप नगरपालिका न्यायिक समितिमा दर्ता हुन आएका (वडा कार्यालय/ मेलमिलाप केन्द्र समेतका)विवादहरुलाई व्यवहारिक तथा कानूनसम्मत मेलमिलापको सिद्धान्तलाई आत्मसात गर्दै निरुपणको प्रक्रियालाई निरन्तरता दिईनेछ ।
- न्याय निरुपणकालागि विगत देखिनै निरन्तर १ वडा १ मेलमिलाप केन्द्रलाई थप क्रियाशिल बनाउन मेलमिलाप केन्द्रका मेलमिलापकर्ताहरुका लागि मासिक संचार खर्च र विवाद मिलापत्र पारिश्रमिक तथा बैठक भत्ता समेतको व्यवस्था मिलाइनेछ ।
- विवाद हैन संवाद भन्ने नारा विकास गरी टोलटोल तथा मेलमिलाप केन्द्रबाट नै न्यायको आभास हुने गरी क्षमताको विकास गर्न मेलमिलापकर्ताहरुलाई क्षमता विकास तालिमको व्यवस्था मिलाइनेछ । साथै मेलमिलापकर्ताहरु तथा न्यायिक समितिका पदाधिकारीहरुलाई अन्तरपालिका न्याय सम्पादन तथा मेलमिलाप अभ्यास आदान प्रदान कार्यक्रम विस्तार गरिनेछ ।
- नगरपालिकालाई आवश्यक पर्ने ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्डहरु आवश्यकताका आधारमा निर्माण गरि नगरको सुशासनलाई प्राथमिकता दिइनेछ ।
- नागरिकमैत्री विकासका लागि स्थानीय कानून निर्माण र कार्यसम्पादनलाई निरन्तरता दिइनेछ ।

**नगरसभा सदस्य ज्यूहरु**

## २. वन, वातावरण तथा विपद् व्यवस्थापन नीतिहरु :

- महामारी, वन जंगल आगलागी रोकथाम तथा नियन्त्रणका लागि जनचेतनामुलक कार्यक्रम, सन्देशहरुको प्रकाशन तथा प्रशारण गरिनेछ ।

- विपद्को पूर्व तयारीलाई आधार प्रदान गर्न जोखिम नक्सांकन सहितको भू-उपयोग योजना तयार गरिनेछ।
- जल, जमिन, जंगल, जडिबुटि, जैविकविविधता (५ ज) को संरक्षण गर्दै प्रदुषण रहित खोला नाला, हराभरा बनजंगल र स्वच्छ बातावरणको विकास गर्दै लगिनेछ ।
- सबै सामुदायिक बन उपभोक्ता समूहहरुमा नर्सरी स्थापना गरि बृक्षारोपण गर्न प्रोत्साहन अभियान संचालन गर्दै उचित स्थानहरुमा पोखरी निर्माण अभियान संचालन गरिनेछ ।
- खुल्ला स्थानहरुमा वृक्षारोपण गर्दै जाने र निर्माण सम्पन्न सडकका दाँयाबाँया वातावरण अनुकूल विरुवाको रोपण कार्य क्रमशः गर्दै जाने नीति लिइनेछ ।
- बाढी, पहिरो जस्ता प्राकृतिक प्रकोपबाट हुने भू-क्षयीकरणलाई रोकथाम गर्नको लागि जोखिमयुक्त स्थानहरुमा तटबन्ध निर्माण लगायतका उपायहरु अवलम्बन गरिने छ ।
- फोहोरलाई स्रोतमा नै न्यूनीकरण गर्न, पृथकीकरण गर्न, पुनःप्रयोग गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- सबै वडा भित्र रहेका बजारहरुमा ढल निकासको प्रबन्ध गर्दै फोहरमैला ब्यबस्थापन गर्न शहरी विकास विभाग सँग साझेदारी गरि कार्य अगाडि बढाईनेछ ।
- धुवाँ रहित सुधारिएको चुल्हो प्रवर्द्धन गरी स्वास्थ्यमा सुधारका साथै इन्धन बचतको उपाय अपनाईने छ ।
- वनजंगलमा लाग्ने डढेलो नियन्त्रण गर्ने कार्यलाई सहज वनाउन प्रत्येक वनमा कम्तीमा दुईवटा अग्नी रेखा निर्माण गर्ने कार्यलाई अगाडी वढाईने छ ।
- जल उत्पन्न प्रकोपका लागि सजगता अपनाई यसबाट पर्न जाने प्रभाव नियन्त्रणका लागि साझेदार संस्थासँग सहकार्य गरिने छ ।
- बातावरण बिनाश र भू-क्षय नहुने गरी सडकहरुको स्तरोन्नति गरिनेछ । बातावरण संरक्षण र हरित शहर निर्माणमा जोड दिईने छ ।

- रामेछाप नगरपालिका जलवायु परिवर्तनको असरबाट प्रत्यक्ष रुपमा प्रभावित भएको, पानीको मुहानहरु सुक्दै गई रहेको हुंदा जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि साझेदारहरु संगको सहकार्यमा जोड दिईनेछ । यस्तो समस्या समाधानका लागि प्रदेश सरकार र संघीय सरकारमा समेत बिशेष अनुरोध गरिनेछ ।
- वातावरणसँग सरोकार राख्ने संघ संस्थासँग समन्वय गरी बातावरणको संरक्षणका कार्यहरु गरिनेछ ।
- भैपरी आउने विपद् व्यवस्थापनका लागि साझेदारीतामा तालिमका कार्यक्रमहरु संचालन गरिनेछ ।
- स्थानीय विपद् व्यवास्थापन समिति मार्फत स्थानीय आपतकालिन कार्य संचालन केन्द्र (LEOC) स्थापना गरी आवश्यक श्रोत साधनको व्यवस्थापन गरी प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- विपद् जोखिम न्यूनिकरणका लागि अवाश्यक पूर्व तयारीका सामाग्रीहरुको व्यवस्थापन गरिनेछ ।
- खाद्यान्न लगायतका वालीहरुमा बाँदर तथा जङ्गली पशुपन्छीहरुबाट पुग्न जाने क्षतिलाई न्यूनीकरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- एक वडा एक सामुदायिक वनलाई पर्यटन मैत्री सामुदायिक वन विकास गर्दै लगिनेछ ।

**नगर सभा सदस्यज्यूहरु**

## ३. पूर्वाधार विकास नीतिहरु :

- संघ र प्रदेश सरकारमार्फत नगरलाई नियमित रुपमा प्राप्त हुने विभिन्न अनुदान रकमबाट सञ्चालन हुने गरी योजना छनौटमा हुने छड्के प्रवेशको अन्त्यका लागि आगामी वर्षदेखि स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा नगरकार्यपालिकाबाट प्राथमिकिकरण सहित सिफारिश गरिएका आयोजना र कार्यक्रमहरुमा मात्र रकम विनियोजन गर्न संघ तथा प्रदेश सरकारलाई

अनुरोध गर्दै सोही अनुसार ठुला पूर्वाधार आयोजना सञ्चालनको प्रवन्ध मिलाईनेछ ।

- रामेछाप नगरपालिकाकोवडा नं. १ गोगने रातोडाडा, चण्डेश्वरी, गणेशटार, वडा नं.२ देउराली शहिदगेट, बडा नं. ३ सुवेदीटोल, साँघुटार, वडा नं. ४ बसेरी लिखु करिडोर वडा नं. ५ कोलोञ्जोरघाट, मरिनघाट, ल्याङ्गल्याङ्ग, भिमसेनथान हुदै रामेछाप बजार सम्मको सडक र वडा नं. ८ रामेछाप बजार हुदै भालुखोप लाई नगरस्तरीय चक्रपथ निर्माणकालागि विस्तृत परियोजना प्रतिवेदन तयार भएको र सो सडक निर्माणकालागि संघिय तथा प्रदेश सरकारसँग अनुरोध समेत गरीएको छ र सो चक्रपथको बाकी ट्र्याक खोल्ने कार्य गरिने छ ।
- कालिकुवा चोक देखी चाम्बोट च्यास्कु रामपुर कोलोञ्जोरघाट सम्मको सडकलाई नगरको गौरबको योजनाको रुपमा संचालन गरिएकोमा सो योजनालाई निरन्तरता दिईनेछ । विस्तृत परियोजना प्रतिवेदन प्राप्त भई सकेको सडक खण्डमा सडक स्तरोन्नती तथा कालोपत्रे सडक निर्माणकालागि संघीय र प्रदेश सरकार समक्ष अनुरोध गरि कार्य अगाडि बढाईनेछ । साथै देउराली चण्डीडाडा साँघुटार सडकलाई थप स्तरोन्नतीको कार्य गरिनेछ । अन्य सडकहरु नगरतथा वडास्तबाट संचालन हुनेछन ।
- नगरपालिका क्षेत्र भित्र भएका संघीय तथा प्रदेशस्तरीय कार्यालयहरुसँग समन्वय गरि साझेदारितामा पूर्वाधार विकासका कार्यहरु संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।
- पुर्वाधार विकासमा टोल सुधार संस्था तथा समुदायको ५० प्रतिशत लागत साझेदारी र ५० प्रतिशत नगरपालिकाको साझेदारी हुने गरि निर्माण गर्ने नीति अपनाईनेछ ।
- कार्यालय भवन नभएका वडाहरुमा वडा कार्यालय भवन निर्माण गर्न, निर्माण कार्य सम्पन्न हुन बाँकी वडा कार्यालय भवनको निर्माण कार्य सम्पन्न गर्न दातृ निकायमा अनुरोध गर्नुका साथै आवश्यक बजेटको व्यवस्था गरिनेछ।

- मुख्य सडकहरुमा बाह्रै महिना सहजतापूर्वक यातायात संचालनको व्यवस्था गरिनेछ ।
- सडक मापदण्ड र राष्ट्रिय भवन संहितालाई कडाईका साथ पालना गरिने छ ।
- आन्तरिक तथा बाह्य पर्यटक प्रवर्द्धन गर्दै रोजगारी श्रृजना गर्न होमस्टे खोल्न प्रोत्साहन गरिने छ ।
- रामेछाप बजारमा व्यवस्थित हाट बजार र बसपार्कको निर्माण गर्दै अन्य वडाहरुमा पनि बसपार्कको संभाव्यता अध्ययन गरी कार्यान्वयन गरिने छ ।
- नगर क्षेत्रमा संचालन गरिने सबै विकास निर्माणका कार्यहरुलाई बालमैत्री, अपांग मैत्री हुने गरी निर्माण कार्यमा जोड दिईनेछ ।
- उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजना र कार्यक्रमहरुमा महिला, युवा तथा अपाङ्गता भएका व्यक्तिहरुको नेतृत्वदायी भूमिकालाइ प्राथमिकता दिइनेछ ।
- वडा नं. ७ मा निर्माणाधीन औधोगिकग्रामको कार्यलाई निरन्तरता दिईनेछ ।
- नगर गौरव लगायतका पूर्वाधारजन्य संरचनाहरुको संरक्षणमा जोड दिइनेछ ।

**नगरसभा सदस्य ज्यूहरु**

## ४. आर्थिक विकास नीतिहरु

- राजश्व संकलनलाई चुस्त, दुरुस्त, प्रभावकारी र पारदर्शी बनाउने कार्यका लागि नगरपालिका तथा सम्पूर्ण वडा कार्यालयहरुमा अनलाइन सफ्टवयर प्रणाली मार्फत सम्पूर्ण राजश्व शुल्क र सम्पति कर संकलन कार्य भएको छ । यस कार्यलाई अझ प्रभावकारी वनाउनका लागि महालेखा नियन्त्रक कार्यालयबाट जारी सुत्र (राजश्व अनलाईन) मार्फत  राजश्व असुली कार्यलाई निरन्तरता दिइनेछ ।
- राजश्व संकलन सम्बन्धी कार्य पारदर्शी तथा प्रभावकारी रुपमा संकलन गर्न सम्पूर्ण वडा सचिवहरुलाई क्षमता विकास तालिमका साथै सुत्र (राजश्व अनलाईन) सम्वन्धी तालिम संचालन गरिनेछ ।

- उपभोक्ताको हित संरक्षण गर्ने प्रयोजनका लागि वजार अनुगमन गर्ने दायित्व स्थानीय तहलाई तोकिएकोले उपभोक्ताको स्वास्थ्य,सुविधा र आर्थिक हित कायम राख्न सवै वडामा रहेका पसलहरुको नियमित रुपमा अनुगमन गरिनेछ । साथै उपभोक्ता हक हितका लागि अन्तरक्रिया र सहजीकरणको कार्यक्रम संचालन गरिनेछ ।
- ब्यवसाय ईजाजत तथा प्राइभेट र साझेदारी फर्महरु दर्ता, नविकरण, ठाँउसारी, नामसारी उद्देश्य थप र इजाजत प्रदान गर्ने जस्ता कार्यलाई निरन्तरता दिइनेछ । साथै प्राईभेट र साझेदारी फर्म दर्ता गरी ब्यवसाय ईजाजत लिई संचालनमा रहेका उद्योग र ब्यवसायको अनुगमन तथा निरिक्षण गरिनेछ ।
- उद्यमीहरुको स्तरोन्नती गरी आय आर्जनमा बृद्धिका लागि सवै वडाहरुमा कम्तिमा १५ जनाका दरले १३५ जनालाई उद्यमशिलता विकास तालिम दिइनेछ । साथै रुग्ण रुपमा रहेका उत्पादनमूलक उद्योगहरुलाई स्तरोन्नतीका लागि उद्योगलाई अति आवश्यक पर्ने मेसिन उपकरणहरु ५० प्रतिशत अनुदानमा हस्तान्तरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- नगरपालिका भित्र कार्यक्षेत्र भएका सहकारी संस्थाहरु मध्ये निष्कृय रहि नगरपालिकामा सम्पर्कमा नआई वा नियमित प्रतिवेदन नबुझाएका सहकारी संस्थाहरुको अनुगमन गरीने छ । त्यस्ता सहकारी संस्थाहरुको खारेजीको प्रक्रिया अगाडी वढाईनेछ र उत्कृष्ट सहकारी संस्थाहरुलाई अनुदानको ब्यवस्था गरिनेछ । साथै सहकारीको सिद्धान्त मूल्यमान्यता नीति, नियम कार्यान्वनयका लागि अन्तरक्रिया र सहजीकरणको कार्यक्रम संचालन गरिनेछ ।
- रामेछाप नगरपालिकाको सहकारी ऐन २०७५ अनुसार नगर कार्य क्षेत्र हुने गरी स्थापना हुने प्रस्तावित सहकारी संस्थाहरुलाई पूर्व सहकारी शिक्षा तालिम कार्यक्रम र सवै सहकारी संस्थाका ब्यवस्थापकहरुलाई सहकारी लेखापालन तालिम कार्यक्रमलाई निन्तरता दिईनेछ । रामेछाप नगरपालिका भित्र कार्य क्षेत्र हुने कम्तिमा ४० वटा सहकारी संस्थाहरुका ब्यवस्थापकहरुलाईतालिम सहकारी विभागसंग समन्वय गरी COPO-MIS तालिम संचालन गरिनेछ ।

- रामेछाप नगरपालिकाको रामेछाप वजारमा स्थापना भएको सीप विकास तालिम केन्द्रलाई सहकारी र गैर सरकारी संस्था मार्फत संचालन गरिनेछ ।
- खाद्यन्न बालीको बिउ उत्पादनको लागि कृषि समुह मार्फत बिउ बैङ्क स्थापना गर्ने व्यवस्था गरिनेछ।
- राष्ट्रिय नीति अनुरुप यस नगरपालिकामा रहेका किसानहरुको सूचीकरण गरी परिचयपत्र वितरण प्रकृया अघि बढाईनेछ ।
- खाद्य, तरकारी तथा फलफूल बाली उत्पादन बृद्धिको लागि सवै बडाहरुमा माटो परीक्षण शिविर संचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- फलफूलको उत्पादन बृद्धि तथा परनिर्भरता न्यूनीकरणको लागि फलफूलको क्षेत्र बिस्तार तथा नर्सरी स्थापना गरिनेछ ।
- पोषण सुधारको निम्ति साना किसानहरुलाई करेसा बारीको लागि मौषमी तथा बेमौषमी तरकारीको मिनिकिट बितरण गरिनेछ ।ब्यवसायिक कृषकहरुलाई ५०प्रतिशत अनुदानमा विउ विजन तथा प्लाष्टिक टनेल वितरण गरिनेछ।
- बेरोजगार तथा बैदेशिक रोजगारबाट आएका युवाहरुलाई तरकारी खेतीमा युवा लक्षित कार्यक्रम व्यवस्था गरिनेछ ।
- खाद्यान्न बाली, तरकारी बाली तथा फलफुल बालीमा बिभिन्न रोग किरा रोकथाम गर्न बिषादीको व्यवस्थापन गरिनेछ ।
- कृषि उत्पादनमा सहज, सर्वसुलभका लागि कृषिमा आधूनिकिकरण गर्न कृषि यान्त्रिकरणको कार्यलाई निरन्तरता दिईनेछ ।
- सिंचाई नभएका सुख्खा क्षेत्रमा आकासे पानी संकलनको लागि प्लाष्टिक पोखरी निर्माण गरी सिंचाईको व्यवस्था गरिनेछ ।
- उद्योगी, ब्यवसायी तथा कृषकहरुले उत्पादन गरेको उत्पादित सामाग्री, खाद्यन्न, फलफूल तथा तरकारी बालीहरु उत्पादन गरेको स्थानबाट संकलन केन्द्र र बजार सम्म ढुवानी गर्ने व्यवस्थाका लागि खरिद गरिएको कृषि एम्वुलेन्सलाई कार्यविधि तयार गरी सञ्चालन गरिनेछ ।
- रामेछाप नगरपालिकाको वडा नं.६ को ओखेनीमा चिस्यान भवन (कोल्ड स्टोर) निर्माण गरिनेछ ।

- स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न एक वडा एक उत्पादन कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय भूगोल अनुसारको खेती प्रवर्द्धन गरी कृषकहरुलाई व्यवसायिकरण गर्दै लगिनेछ ।
- पशुधन सुरक्षाको लागि व्यवसायिक पशुपन्छी फर्महरुको निःशुल्क विमा गरिनेछ ।
- पशुपालन व्यवसायलाई प्रवर्द्धन तथा दुधमा आत्मनिर्भरताको लागि सुत्केरी गाईरभैसीं स्याहार तथा पोषण अनुदानको व्यवस्था गरिनेछ ।
- दुध, अण्डा तथा मासुको उत्पादन वृद्धि तथा आत्मनिर्भरताको लागि व्यवसायिक पशुपन्छीपालक कृषकहरुलाई पूर्वाधार विकासको लागि अनुदानको व्यवस्था गरिनेछ ।
- पशुपन्छीको उपचारको लागि आवश्यक पर्ने औषधी खरिद गरी वडा प्राविधिक मार्फत निःशुल्क वितरण तथा पशुपन्छी उपचार सेवामा निरन्तरता दिइनेछ ।
- पशुपन्छीको रोग पहिचान गर्न रामेछाप नगरपालिका पशुपन्छी तथा मत्स्य विकास शाखामा पशुपन्छी प्रयोगशाला स्थापना गरी पशुपन्छीको उपचार तथा रोग पहिचानको लागि आवश्यक प्रविधिको विकास गरिनेछ ।
- पशुपन्छीहरुमा लाग्ने माहामारी (संक्रामक) रोग नियन्त्रणका लागि रोगनिरोधक खोप कार्यक्रम नियमित र निःशुल्क रुपमा संञ्चालन गरिनेछ ।
- जोनोटिक (पशुबाट मानिस र मानिसबाट पशुमा सर्ने) रोगहरु रोकथाम तथा नियन्त्रणको लागि घरपालुवा जनावरहरु जस्तैः कुकुर र विरालोहरुमा निःशुल्क खोप शिविर सञ्चालन गरिनेछ ।
- परम्परागत निर्वाहमुखी पशुपन्छीपालन पेशालाई व्यवस्थित तथा व्यवसायीकरणको लागि व्यवसायिक फर्म, समूह तथा अगुवा कृषकहरुलाई व्यवसायिक अभिमुखिकरण तालिम प्रदान गरी प्राविधिक ज्ञान र सिपको विकास गरिनेछ ।

- गाई र भैंसीमा हुने बाँझोपन निवारणको लागि भिटामिन, मिनरल वितरण तथा आन्तरिक र बाह्रय परजिवी नियन्त्रण शिविर सञ्चालन गरिनेछ ।
- पशुहरुमा पौष्टिक आहारको सुधारको निमित्त विभिन्न उन्नत जातका भुँई तथा डालेघाँसका बीउ र बिरुवाको ब्यवस्था गरिनेछ ।
- असल पशुपन्छी पालनको लागि गोठ र खोर तथा भकारो सुधार कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- पोषणमैत्री स्थानीय तह घोषणाको लागि गोठ देखि ओठ सम्म स्वच्छ र स्वस्थ दुध, अण्डा र मासु उत्पादनको लागि जोड दिईनेछ ।
- भेटेरीनरी सेवा अत्यावश्यक सेवा अन्तर्गत रहेको हुँदा प्रत्येक वडामा सेवा केन्द्र विस्तार गरी प्रभावकारी बनाईनेछ ।
- पशु प्रजनन तथा नश्ल सुधारका लागि प्राकृतिक तथा कृत्रिम गर्भाधानको ब्यवस्था गरिनेछ ।

**नगरसभा सदस्य ज्यूहरु**

## ५. सामाजिक विकास नीतिहरु

- सवैबालबालिकाहरुलाई पूर्ण खोपको सुनिश्चितताका लगि खोप सेवाको गुणस्तर तथा कभरेजमा वृद्धि गरिनेछ ।
- गर्भवती तथा सुत्केरी महिलाहरु तथा बालबालिकाहरुको पोषणको अवस्थामा सुधार ल्याउन बहुक्षेत्रीय पोषण योजना कार्यक्रम बमोजिम सुनौला हजार दिन कार्यक्रमलाई अगाडि बढाइनेछ ।पूर्ण पोषणयुक्त स्वास्थ्य संस्थाहरु घोषणाका लागि आवश्यक तयारी गरिनेछ ।
- मातृ तथा नवशिशु कार्यक्रमका लागि संस्थागत सुत्केरी सेवा विकास गर्न सवै बर्थिङ सेन्टरहरुलाई व्यवस्थित गरिनुका साथै प्रसुती सेवा लिने महिलाहरुका लागि निःशुल्क एम्बुलेन्स व्यवस्था गरिनेछ।
- नगरका सवै वडाहरुमा सर्वसुलभ स्वास्थ्य सेवा पुऱ्याउन नियमित एकिकृत घुम्ति स्वास्थ शिविरको आयोजना गरिनेछ ।

- महिला स्वास्थ्य स्वयम सेविकाहरुको सेवालाई उच्च मूल्याङ्कन गर्दै आवश्यक प्रोत्साहन तथा तालिमको व्यवस्था गरिनेछ ।
- सूर्तिजन्य पदार्थ रोकथाम तथा नियन्त्रणका लागि आवश्यक वजेटको व्यवस्थापन गरिनेछ ।
- सबै स्वास्थ्य संस्थाहरुमा बर्षभरि पुग्ने गरी निःशुल्क औषधि वितरण गरिनेछ साथै अत्यावश्यक औषधिहरुको उपलब्धतालाई निरन्तरता दिइनेछ ।
- जिल्ला अस्पताल रामेछापमा विशेषज्ञ चिकित्सक सहितको सेवा र आँखा सेवा विस्तारलाई निरन्तरता दिइनेछ ।
- सवै स्वास्थ्य संस्थाहरुमा गुणस्तरीय स्वास्थ्य सेवाका लगि आवश्यक वजेटको व्यवस्थापनलाई निरन्तरता दिईनेछ ।
- स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- ६० बर्ष उमेर पूरा भएका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मानजनक विदाईको ब्यवस्था गरिनेछ।
- आयुर्वेद स्वास्थ्य सेवा विस्तारका लागि नागरिक आरोग्य केन्द्रलाई प्रभावकारी वनाईने छ । साथै सो केन्द्र मार्फत सवै वडाहरुमा आयुर्वेद शिविर सञ्चालन गरिनेछ।
- साँघुटार स्वास्थ्य चौकीलाई प्राथामिक स्वास्थ्य केन्द्रको रुपमा सन्चालन गर्नका लागि प्रदेश तथा संघीय सरकारलाई अनुरोध गरिनेछ ।
- वडा नं. ८ को भंगेरी स्थीत कृष्ण मन्दिर जिर्णोद्धारकालागि आवश्यक व्यवस्था गरिनेछ ।
- सुकाजोर स्वास्थ्य चौकी र भालुखोप, बावियाखर्क र थाक्लेडाडा शहरी स्वास्थ्य केन्द्रको भवन निर्माणको लागि आवश्यक प्रकृया अघि बढाइनेछ ।
- न्यून वेतन बाल कक्षा शिक्षक तथा सहजकर्ता र विद्यालय कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप सञ्चालित कक्षा र सेवा प्राप्त विद्यार्थी संख्याको आधारमा तोकिए बमोजिम न्यूनतम पारिश्रमिक प्रदान गरिनेछ ।

- शून्य एवं न्यून तहगत शिक्षक दरबन्दी र संख्या भएका आधाभूत तह सम्म र माध्यामिक विद्यालयहरुलाई विषयगत स्वयंसेवक शिक्षकको व्यवस्थालाई निरन्तरता दिई आवश्यकता अनुसार थप गरिनेछ ।
- बालबालिकाहरुको सहज पहुचमा विद्यार्थी भर्ना दर, उपस्थिति दर एवं उतीर्ण दरमा अभिबृद्धि तथा कक्षा छाड्ने दर र कक्षा दोहोऱ्याउने दरमा कमी ल्याउने प्रकृतिका विद्यार्थी प्रोत्साहन शैक्षिक कार्यक्रमहरु, निःशुल्क पाठ्यपुस्तक, छात्रबृत्ति, दिवा खाजा र सेनेटरी प्याड सुविधालाई निरन्तरता दिईनेछ ।
- कोभिड १९ बाट पुगेको शैक्षिक क्षतीको परिपूरणका साथै बैकल्पिक सिकाई पद्धतिलाई अवलम्बन गरिनेछ ।
- एक विद्यालय एक स्वास्थ्यकर्मी (नर्स) कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- न्यूनतम सिकाई अनुकुल बातावरण विकासकालागि सबै तहगत सामुदायिक विद्यालयहरुका लागि विद्यालय सवलीकरण कार्यक्रम थालनी गरिनेछ ।
- विद्यालय तहको तथ्यांकको अद्यावधिकरण र सूचना तथा अभिलेखलाई डाटावेस तयार गरिनेछ ।साथै शिक्षण सिकाईका लागि शिक्षकहरुमा सूचना तथा प्रविधिको प्रयोग सम्बन्धी आधारभूत ज्ञान र सीप प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- नमूना विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधार विकास कार्यक्रम र प्राविधिक शिक्षा कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- विद्यालय स्तरीय पाठ्यक्रम संरचना अनुसार आधारभूत तहकालागि क्रमशः स्थानीय विषयको पाठ्यक्रम परिमार्जनका साथै पठनपाठनलाई निरन्तरता दिईनेछ ।
- शैक्षिक गुणस्तर अभिबृद्धि केन्द्रित शैक्षिक कार्यक्रमहरु विशेष गरी शैक्षिक सामाग्री, विज्ञान प्रयोगशाला, सूचना तथा प्रविधि प्रयोगशाला र पुस्तकालय व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

- विद्यालयमा अध्ययनरत बालबालिकाहरुको बाल मस्तिष्क सिर्जित प्रतिभाहरुलाई सम्मान र प्रोत्साहनका लागि प्रतिभा पहिचान प्रतियोगितालाई निरन्तरता दिईनेछ ।
- उच्च सिकाई उपलब्धीमा सुदृढीकरण योजना र शिक्षण सिकाई सुधार योजना निर्माण र सो को कार्यान्वयनका लागि विद्यालय र शिक्षक प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- उच्च शिक्षा तथा प्राविधिक शिक्षा अध्ययनका लागि शैक्षिक सहायता कार्यक्रमको निरन्तरता गरिनेछ।
- नगर क्षेत्र भित्रका द्धन्द पिडित जेहन्दार बालबालिकाहरुलाई शैक्षिक प्रोत्साहन कार्यक्रमको निरन्तरता दिइनेछ ।
- एक्काईसौं शताब्दीका बालबालिकाहरुको रुची र आवश्यकतालाई क्रमशः सम्बोधन गर्नका लागी आधारभूत तह देखि माध्यामिक तह सम्मका लागि अंग्रेजी माध्यमको पठनपाठनलाई विस्तार गरिनेछ ।
- विद्यालय भौतिक र शैक्षिक पूर्वाधार विकास तथा शिक्षकको पेशागत क्षमता विकासका लागि संघ र प्रदेश स्तरीय शैक्षिक निकायहरु एवं गैर सरकारी संस्थाहरु सँगको आपसी समन्वय, साझेदारी र सहकार्यको संस्कृतिलाई कायम राखिनेछ ।
- विद्यालय अनुगमन र सुपरिवेक्षण कार्यलाई प्रभावकारी र नतिजामूलक बनाउन संयुक्त एकीकृत अनुगमन संयन्त्र परिचालन गरिनुका साथै डिजिटल अनुगमनको व्यवस्था गरिनेछ ।
- राष्ट्रकालागि खेलकुद स्वास्थ्यकालागि खेलकुद भन्ने नारालाई सार्थकता प्रदान गर्न विभिन्न खेलकुदका कार्यक्रमहरु संचालन गरिनेछ ।
- विद्यालय स्तरीय खेलकुद गतिविधि संचालनको लागि राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितालाई निरन्तरता दिइनेछ ।
- शिक्षकको पेशागत विकासका साथै पाठ्यक्रम मूल्याङ्कन सम्बन्धी पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ।

- विद्यालयका अति विपन्न विद्यार्थीहरुलाई पठनपाठनमा नियमितता गराउनका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- प्रसुति विदा लिई वसेका शिक्षकहरुको ठाँउमा वैकल्पिक शिक्षकको व्यवस्थापन गरिनेछ ।
- शैक्षिक गुणस्तर सुधार गर्न मेघा विद्यालयको अवधारणा अगाडि वढाइनेछ ।
- समय र परिवेश अनुसारको दक्ष जनशक्ति शिक्षा क्षेत्रमा भित्राउन पुराना शिक्षकहरुलाई स-सम्मान विदा गरी नयाँ जनशक्तिको व्यवस्थापन गरिनेछ ।
- यस नगरपालिकाको वडा नं ७ मा हालै निर्माण कार्य सम्पन्न भएको कवर्ड हलमा Indoor Game हरु सञ्चालन गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र सञ्चालित उच्च शिक्षा अध्यापन हुने क्याम्पसहरुलाई संस्थागत विकासका लागि आवश्यक समन्वय र सहकार्य गरिनेछ ।
- विद्यार्थी संख्या न्यून भएकासामुदायिक विद्यालयहरुलाई नजिकको विद्यालयमा गाभिने र शिक्षण पेशालाई मर्यादित तथा गुणस्तरीय शिक्षाको लागि समय सापेक्ष आवश्यक तालिमहरु सञ्चालन गरिनेछ ।
- आदिवासी, जनजाती तथा लोपोन्मुख जातजातीहरुको भाषा, धर्म, संस्कृती, संस्कार, रितीरिवाजको संरक्षण र संवर्धन गरिनेछ ।
- हिंसा पिडित महिलाहरुको लागि निशूल्क कानूनी तथा मनोसामाजिक परामर्श सहितको सेवा प्रदान गरी पारिवारिक तथा सामाजिक पुर्नमिलन नहुन्जेलसम्म आवश्यक संरक्षण गरिनेछ ।
- लैङ्गिक हिंसा न्यूनीकरणका लागि विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुसँग समन्वय र सहकार्य गरी सचेतनामूलक कार्यक्रम मार्फत टोल, बस्ती तथा समुदाय स्तरमा सचेतना अभिबृद्धि गरिनेछ।
- महिलाहरुको कार्यबोझ कम गर्नका लागि महिला पुरुष समविकास तालिम सञ्चालन गरी महिला र पुरुष भएकै कारण समाजले दिएका सामाजिक जिम्मेवारीका क्षेत्र फराकिलो गर्न अभिप्रेरित गरिनेछ ।

- लैङ्गिक हिसां विरुद्धका राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसहरुमा समय सापेक्ष सचेतनामूलक कार्यक्रम सञ्चालन गरी महिला हक अधिकारका विषयमा छलफल तथा अन्तरक्रिया गरिनेछ ।
- महिला विरुद्ध हुने सबै प्रकारको विभेद, शोषण अन्याय र अत्याचारको अन्त्य गरी सभ्य र समतामूलक समाज निर्माणका लागि आवश्यक पहल गरिनेछ ।
- लैङ्गिक उत्तरदायी बजेटलाई प्रभावकारी कार्यान्वयन गर्न लैंङ्गिक उत्तरदायी बजेट परीक्षण गरिनेछ ।
- बालमैत्री स्थानीय शासनका ५१ वटा क्षेत्रगत सूचक, ५ वटा चरण र २८ वटा तहगत खुड्कीला अन्तरगत विभिन्न क्रियाकलापहरु सञ्चालन गरी जिल्लामै पहिलो बालमैत्री नगर घोषणा गर्नका लागि सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग समन्वय, सहकार्य र साझेदारीमा हाते मालो गर्दै आवश्यक श्रोत साधनको प्रभावकारी व्यवस्थापन र उचित प्रयोग गरी सामाजिक परिचालनका माध्यमबाट नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बालबालिका सम्बन्धी ऐन, २०७५, मुलुकी देवानी संहिता, २०७४, बालश्रम-निषेध र नियमित ऐन, २०५६, बालअधिकार सम्बन्धी महासन्धी १९८९, बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८, बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०७९, दिगो विकास लक्ष्यतथा पन्ध्रौ योजनाले दिएका अधिकारको उपयोग गर्दै गैरविभेदीकरण, बालबालिकाको सर्वोत्तम हित, बालबालिकाको सर्वाङ्गिण विकास तथा अर्थपूर्ण बाल सहभागिताकालाई ध्यान दिई बाल विवाह तथा बालश्रमको न्यूनीकरण गर्दै बालमैत्री व्यवहार तथा बालमैत्री भौतिक संरचनाको निर्माण लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरिकहरुको ज्ञान, सीप र अनुभवको प्रयोग गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य परिक्षण र सीप विकास तालिम लगायत सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

- महिलाहरुको आयआर्जनमा बृद्धि गर्नका लागि व्यवसायिक सीप विकास तालिम सञ्चालन गरी महिला सशक्तीकरणमा सहयोग पुर्‍याइनेछ ।
- किशोरीहरुको आत्मरक्षा तालिम सञ्चालन गरी किशोरीहरुमा आत्मबल बढाइनेछ ।
- समुदाय प्रहरी साझेदारी कार्यक्रम सञ्चालन गरी सामाजिक सचेतीकरणमा अभिबृद्धि गरिनेछ ।
- बाल कोषमा रकम जम्मा गरी बाबु आमा विहिन आर्थिक रुपमा विपन्न बालबालिकाहरुका लागि आवश्यकता अनुसार लगानी गरिनेछ ।
- बालविवाह तथा बाल श्रम न्यूनीकरणका लागि सचेतनामूलक अभियान सञ्चालन गरिनेछ ।
- बालश्रम न्यूनीकरणका लागि व्यवसायी, रोजगारदाता, नगरउद्योग वाणिज्य संघ, शिक्षक तथा विद्यार्थी लगायतका सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रम गरिनेछ ।

धन्यवाद

**रामेछाप नगरपालिकाको १३ औं नगरसभामा रामेछाप नगरपालिकाका उपप्रमुख श्री बाल कुमारी कार्की (थापा)ज्यूले पेश गर्नु भएको चालु आर्थिक वर्ष २०७९/८० को प्रगति विवरण तथा आगामी आर्थिक वर्ष ०८०/८१ को प्रस्तावित वार्षिक कार्यक्रम तथा वजेट**

**रामेछाप नगरपालिकाका प्रमुख एवंम् आजको यस गरीमामय १३ औं नगर सभाका सभाध्यक्ष महोदय,**
**नगर सभाका सदस्य सचिव एवम् सम्पूर्ण नगरसभा सदस्यज्यूहरु,**
**सञ्चारकर्मी मित्रहरु,**
**रामेछाप नगरपालिकाका सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु,**

**" शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, पर्यटन र पुर्वाधार - समुन्नत र समृद्ध रामेछाप निर्माणको आधार "** भन्ने रामेछाप नगरपालिकाको ११ औं नगर सभाले लिएको संकल्पलाई आत्मसात गर्दै चालु आर्थिक वर्ष २०७९/८० मा भए गरेका समग्र विकास आयोजना तथा कार्यक्रमहरुको संक्षिप्त प्रगति एवं आगामी आर्थिक वर्ष २०८०/८१ को वार्षिक कार्यक्रम तथा वजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु । सर्वप्रथम आर्थिक वर्ष ०७९/८० मा भएका समग्र कार्यक्रमहरुको संक्षिप्त प्रगति विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

- स्वीकृत संगठन संरचना बमोजिम प्रदान गरिने सेवाको प्रकृति, कार्यबोझ र सेवाग्राहीको चापलाई मध्यनजर गरी सेवाग्राहीमैत्री सेवा प्रवाह हुने गरी विभिन्न शाखा, उपशाखा र इकाइहरु गठन गरी उपलब्ध जनशक्तिको बाँडफाँड र कार्य जिम्मेवारी तोकी संचालनको व्यवस्था मिलाईएको छ ।
- सेवाग्राहीको सुविधाको लागि सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी, नागरिक सहायता कक्ष, कानूनी सहायता कक्ष, स्तनपान कक्ष एवम् नगर प्रहरी कक्षको समेत व्यवस्था मिलाईएको छ ।
- प्रदान गरिने सेवाको किसिम, सेवा लिन आवश्यक पर्ने प्रमाणहरु, जिम्मेवार कर्मचारी, शुल्क, दस्तुर लाग्ने भए सो को दर समेत खुल्ने गरी नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालय समेतको मुल गेट नजिक नागरिक वडापत्र राखिएको र सेवा प्रवाह मापदण्ड समेत प्रकाशन गरिएको छ ।
- सेवा प्रवाहलाई सरल र व्यवस्थित बनाउन आवश्यक कानून र कार्यविधि निर्माण गरी लागू गरिएको छ।
- प्रदेश सुशासन केन्द्रसँग समन्वय गरी जनप्रतिनिधि र कर्मचारीहरुलाई क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम तथा प्रशिक्षण कार्यक्रमहरुमा सहभागी गराईएको छ।
- वडा कार्यालयहरुबाट समेत कम्प्युटर विलिङ्ग सिष्टमबाट राजस्व संकलन गरी अभिलेख अद्यावधिक र व्यवस्थित गरिएको छ । व्यक्तिगत घटना दर्ता अनलाईन मार्फत गर्ने र सामाजिक सुरक्षा भत्ता बैंक मार्फत वितरणको व्यवस्था मिलाईएको छ ।
- निर्णय गर्नु पर्ने विषयमा तत्काल निर्णय गरी छिटो छरितो सेवा प्रवाह गर्ने गरिएको छ।प्रत्येक महिना कम्तिमा १ पटक र आवश्यकताका आधारमा जुनसुकै समयमा पनि नगर कार्यपालिकाको वैठक राख्ने गरिएको छ ।स्थानीय तहको दोस्रो निर्वाचन पश्चात नगर कार्यपालिकाको गठन भएदेखि हालसम्म दुई पटक नगरसभा र १६ वटा नगरकार्यपालिकाको वैठक सम्पन्न भएका छन्।

- निरन्तर रुपमा सेवाग्राहीको पिर मर्का सुन्ने, जनसम्पर्क गर्ने, गुनासो पेटीकाको व्यवस्थाका साथै शाखा-उपशाखाहरुमा निरन्तर अनुगमन सहजीकरण र समय समयमा सेवाग्राहीको सन्तुष्टी मापन गरी प्राप्त सुझाव र पृष्ठपोषण बमोजिम सेवा प्रवाहमा सुधार ल्याउने प्रयास गरिएको छ।
- चालु आर्थिक वर्षमा क्रमागत योजनाहरु निर्माण गर्ने क्रममा ७ नं. वडा कार्यालयको भवन निर्माण कार्य सम्पन्न भएको र ९ नं. वडा कार्यालय भवन सम्पन्नहुने चरणमा रहेको छ।
- संघीय सरकार र नगरपालिकाको साझेदारीतामा समपुरक कोष मार्फत नगरपालिकाको वडा नं. ७ सुकाजोरमा करिब रु. ४ करोड ५० लाखको लागतमा कबर्ड हल निर्माण गर्ने कार्य सम्पन्नको चरणमा रहेको छ।
- प्रदेश सरकार र नगरपालिकाको साझेदारीतामा समपुरक कोष मार्फत रामेछाप नगरपालिकाको वडा नं. ५ र ६ को चाम्वोट च्यास्कु कोलोन्जोरघाट सडक स्तरोन्नती, र वडा नं. ८ को भेटेनरी वादी विर्ता सडक स्तरोन्नती कार्य भई रहेको र सम्पन्नको चरणमा रहेको छ।
- प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम विशेष अनुदान तर्फको वडा नं. ७ को कालीकुवा डिपवोरिङ्ग सिंचाई योजना र वडा नं. ६ मा लाम्पाते लिफ्ट खानेपानी योजनाको निर्माण कार्य ठेक्का मार्फत संचालन भई रहेको र सम्पन्नको चरणमा रहेको छ।
- प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम सशर्त अनुदान तर्फ वडा नं. ८ को भ्यागुरे कालीआप धारापानी सडक र फुश्रेमाटा चनौटे आरुबोटे देवीथान टुनिवोटे सडक निर्माण कार्य ठेक्का मार्फत संचालन भई रहेको र सम्पन्नको चरणमा रहेको छ।
- संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम शर्शत अनुदान तर्फ वडा नं. ८ मा गणेशचोक शारदा संस्कृत मावि कोलडाँडा सडक स्तरोन्नती कार्य सम्पन्नको चरणमा रहेको छ।
- संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम समपूरक अनुदान तर्फको भालुखोप गणेशटार देउराली सडक, साउने बोलुङ्ग बोलुङ्ग बरबोट सडक, गाईटार ओख्रेनी सडक, सोलमारी डुम्रीखर्क सल्ले सडक सम्पन्न भएको र रामपुर धराब्दी सडकको निर्माण कार्य ठेक्का मार्फत संचालन भई रहेको र सम्पन्नको चरणमा रहेको छ।
- संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम विशेष अनुदान तर्फ वडा नं. ५ को रामपुर सुनकोशी लिफ्ट सिंचाई योजना, वडा नं. ३ को थाक्लेवेशी लिफ्ट खानेपानी योजना र वडा नं. ८ को ल्याण्ड फिल्ड साइट निर्माण कार्य ठेक्का मार्फत संचालन भई रहेको र सम्पन्नको चरणमा रहेको छ।
- संघीय कार्यक्रम अन्तर्गत वडा नं. ७ मा औधोगिक ग्राम निर्माण कार्य ठेक्का मार्फत संचालन भई रहेको छ।
- सडक बोर्ड नेपाल र नगर साझेदारीमा हस्पिटल चोक मुडाजोर विर्ता सडक मर्मत, गैयाश्वरी सिम्ले सडक मर्मत र पालेवन कामीखोला सडक मर्मत कार्य उपझोक्ता समिति मार्फत संचालन भई अन्तिम चरणमा रहेको छ।

- नगरस्तरीय योजना अन्तर्गत देउराली गोठगाँउ देवालीचौर चण्डेश्वरी सडक स्तरोन्नती वडा नं. १, २, चण्डिडाँडा बाँकीमेरी साँघुटार सडक स्तरोन्नती वडा नं. ३, गोठेडाँडा मगर चिलाउने कुशवशेरी सडक स्तरोन्नती वडा नं. ४ , रामपुर रिठ्ठाबोट सिलिङ्गे मन्सुलीघाट सडक विस्तार तथा स्तरोन्नती  वडा नं. ५, केवलेश्वर खानेपानी योजना वडा नं. ८, गिजनटार सिंचाइ योजना वडा नं. ४,  लिखु तटबन्ध निर्माण साँघुटार वडा नं. ३, देउराली राताटार हर्दिनी सडक स्तरोन्नती वडा नं. ९, गोठगाँउ खानेपानी योजना वडा नं. १, आरू खर्के लिफ्ट खानेपानी योजना वडा नं. ६,  खुर्पाती डाँडाटोल खानेपानी योजना वडा नं. १, गोगने खानेपानी योजना वडा नं. १ आदि आयोजनाहरू उपभोक्ता समितिसँग सम्झौता भइ निर्माण कार्य अन्तिम चरणमा रहेका छन् ।
- उपभोक्ता समिति मार्फत संचालित वडा स्तरीय योजनाहरुको उपभोक्ता समितिसँग सम्झौता भई निर्माण कार्य भई रहेको छ । उपभोक्ता समिति मार्फत संचालित विभिन्न ९५ वटा योजनाहरु सम्पन्न भई भुक्तानी समेत भई सकेको अवस्था छ ।
- नगरपालिका अन्तर्गत सञ्चालित माध्यमिक र आधारभूत तहको विभिन्न परीक्षाहरुको नतिजा विश्लेषण गर्न र आगामी शैक्षिक गुणस्तर सुधार गर्नका लागि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु संग शैक्षिक समीक्षा तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको छ।
- विभिन्न विद्यालयहरुमा भएको शिक्षक र विद्यार्थीहरुको अनुपातलाई पुनः हेरफेर गरी विद्यालयमा शिक्षक विद्यार्थी अनुपात तथा शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापनको लागि विद्यालयको स्थलगत अनुगमन तथा निरीक्षण गरी प्राप्त प्रतिवेदनका आधारमा विभिन्न शिक्षकहरुलाई काज सरुवा गरिएको छ । यसै गरी शिक्षक सेवा आयोगबाट नँया नियुक्ति भई यस नगरपालिकामा सिफरिस भएका प्रा. वि, नि.मा.वि र मा.वि तृतीय श्रेणिका शिक्षकहरुलाई विभिन्न विद्यालयका रिक्त दरवन्दीमा पदस्थापन गरिएको छ ।
- सम्पुर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरु समावेश गरी एकिकृत पाठ्यक्रम सम्बन्धि तालिम सञ्चालन गरिएको छ ।
- यस नगरपालिकामा स्थायी वसोवास भई विभिन्न विद्यालयहरुमा अध्ययनरत विभिन्न जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गरीएको छ ।
- नगर स्तरीय राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगिता सम्पन्न भएको छ । साथै जिल्ला स्तरीय राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगितामा रामेछाप नगरपालिका समग्रमा दोस्रो स्थान हासिल गर्न सफल भएकोछ।
- विभिन्न विद्यालयहरुमा विद्यालयको माग र विद्यार्थी संख्याको आधारमा पुस्तकालय, विज्ञान प्रयोगशाला र ICT प्रयोगशालाको कार्यक्रमहरु वितरण गरिएको छ ।
- समग्रमा चालु आर्थिक वर्षमा शिक्षा, युवा तथा खेलकुद तर्फ जम्मा रु. २३ करोड ५३ लाख १४ हजार वजेट विनियोजन भएकोमा जेठ मसान्तसम्म जम्मा रु. १७ करोड १४ लाख ६८ हजार ४ सय ६३ खर्च भई ७२.८७ प्रतिशत वित्तिय प्रगति हासिल भएको छ । जस मध्ये संघ तर्फ शिक्षक तथा कर्मचारी तलव रु. १५ करोड ९९ लाख ४२ हजारमा रु. १३ करोड १३ लाख ७२ हजार खर्च भएको छ । यसैगरी प्रदेश तर्फ

शिक्षक तलवमा रु.११ लाख ३६ हजारमा रु. ७ लाख ९० हजार ७ सय ७१ खर्च भएको छ भने नगरपालिकाको शिक्षक तथा कर्मचारी तलव तर्फ रू. १ करोड ८० लाख १० हजार विनियोजन भएकोमा रु. १ करोड १८ लाख ३ सय ८२ खर्च भएको छ।

- सामुदायिक विद्यालयमा विद्यार्थीको लागि दिवा खाजा, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान, लेखापरीक्षण तथा सामाजिक परीक्षण अनुदान, नमुना विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापन अनुदान, प्रति विद्यार्थी लागतका आधारमा सिकाई सामाग्री व्यवस्थापन अनुदान आदि शीर्षकहरुमा जम्मा रु.५ करोड ८४ लाख ५७ हजार २४ रुपैया विनियोजन भएकोमा रु.२ करोड ९२ लाख ४१ हजार ५० रुपैया सम्वन्धित विद्यालयहरुको वैंक खातामा निकासा गरिएको छ।
- ५ देखि ११ बर्ष सम्मका २३८९ जना बालबालिकाहरुलाई कोभिड १९ विरुद्धको पहिलो तथा दोस्रो मात्रा फाइजर खोप लगाइएको छ।
- **महिला सँग उपमेयर** कार्यक्रम अन्तर्गत २२४ जना सुत्केरी महिलाहरूलाई हाइजिन किट तथा पौष्टिक आहार सहितको सुत्केरी कोसेली वितरण गरिएको छ।
- **ज्येष्ठ नागरिक सँग मेयर** कार्यक्रम अन्तर्गत ८५ वर्ष माथिका २९० जना जेष्ठ नागरिकहरुलाई न्यानो सिरक तथा पानी तताउने केट्ली वितरण गरी सम्मान गरिएको छ।
- **निशुल्क एम्वुलेन्स सेवा कार्यक्रम** अन्तर्गत स्वास्थ्य संस्थाहरुमा प्रशुति सेवा लिन आएका ५९ जना महिलाहरुका लागि निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइएको छ।
- सबै वडाका ६० वर्ष माथिका दलित तथा ६५ बर्ष माथिका नागरिकहरु मध्ये २८५ जनाको निःशुल्क स्वास्थ्य विमा गरिएको छ।
- **क्यान्सर, मृगौला तथा स्पाइनल इन्जुरी** भएका ४२ जना दिर्घ रोगीहरुलाई मासिक रु. ५ हजारका दरले बैशाख महिना सम्मको दीर्घरोगी उपचार खर्च उपलब्ध गराइएको छ।
- विपन्न नागरिक औषधि उपचार सिफारिस समितिबाट २५ जना दीर्घ रोगीहरु (क्यान्सर १४, मृगौला डाइलाइसिस ३, स्पाईनल इन्जुरी ४, हेड इन्जुरी २, मुटुरोग २) लाई निःशुल्क उपचारका लागि सम्वन्धित अस्पतालमा सिफारिस गरि पठाइएको छ।
- नगरपालिका अन्तर्गत रहेका सवै स्वास्थ्यकर्मीहरु तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई बृहत पोषण प्याकेजको क्षमता अभिबृद्धि तालिम तथा पालिका र वडास्तरमा बहुक्षेत्रीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको गठन सम्पन्न गरिएको छ।
- सवै स्वास्थ्य संस्थाहरुका लागि निःशुल्क वितरण गरीने औषधिहरु खरिद गरी सम्वन्धित स्वास्थ्य संस्थाहरु सम्म व्यवस्थापन गरिएको छ।
- नगरपालिका अन्तर्गत विभिन्न वडाहरुमा विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिएकोमा कुल १०४८ जना सेवाग्राहीहरुले स्वास्थ्य उपचार सेवा प्राप्त गरेको अवस्था छ।

- ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम अन्तर्गत हाल सम्म नगरपालिकाका ४९ जना गर्भवती महिलाहरुलाई नियमित भिडियो एक्स रे सेवा प्रदान गरिएको छ।
- चैत्र महिनामा स्वास्थ्यकर्मीद्वारा गरिएको घरधूरी सर्वेक्षणबाट नगरपालिका भित्रका वडाहरुमा कुनै पनि बच्चा खोप लगाउनबाट बन्चित नरहेको देखिएकोले पूर्ण खोप सुनिश्चितताको लागि दिगोपना कायम गरिएको छ।
- समग्रमा स्वास्थ्य तर्फ विनियोजित कुल वजेट रु. ५ करोड ३२ लाख रहेकोमा हाल सम्म रु. ३ करोड ६८ लाख ४३ हजार १ सय ८८ खर्च भई ६९.२५ प्रतिशत वित्तिय प्रगति हासिल भएको देखिन्छ।
- रामेछाप नगरपालिकाको चालू आ.ब.०७९/८० को राजश्व असुलीको लक्ष्य १ करोड आठ लाख असी हजार रहेकोमा २०८० साल जेष्ठ मसान्त सम्म रु.६८ लाख १९ हजार ८५ संकलन भएको छ।
- सम्पति कर तथा नगदी अनलाईन सप्टवेयर सम्वन्धी तालिम, COPO-MIS तालिम र प्रविधि हस्तान्तरणको कार्यक्रम संचालन गरिएकोछ।
- रामेछाप नगरपालिकामा हाल सम्म ७ सय ५७ वटा विभिन्न प्रकृतिका ब्यवसाय दर्ता भएका छन् भने ७१ वटा सहकारी संस्था रहेका छन्।
- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत रामेछाप नगरपालिका वडा नं.१ गोठगाउँमा वेसार प्रशोधन,हाते होजियारी र वासको हस्तकला सम्वन्धी तालिम संचालन गरिएको छ भने वडा नं.९ मा वासको हस्तकला र हाउस वायरिङ तालिम संचालन भएको छ।
- समग्रमा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम तर्फ रु.३० लाख वजेट विनियोजन भएकोमा सामाजिक परिचालन, उद्यमशिलता विकास तालिम, सिप विकास तालिम, स्तरोन्नती तालिम र उद्यम विकास सहजकर्ता पारिश्रमिक समेतमा गरी रु.२८ लाख ५३ हजार खर्च भएको छ।
- **माटो परिक्षण शिविर कार्यक्रम**मा रु. ४ लाख ५० हजार विनियोजन भएकोमा सबै वडाहरुमा माटो परिक्षण कार्यक्रम संचालन गरी जम्मा ५६२ वटा माटोको नमुना परिक्षण भई ४५० जना किसान लाभान्वित भएका छन।
- **तरकारी खेतिमा युवा लक्षित कार्यक्रम**मा रु. १० लाख विनियोजन भएकोमा १७ वटा समुह / फर्महरु छनौट भई तरकारी खेतीमा युवा लक्षित कार्यक्रम संचालन भएको छ।
- **किसान सुचिकरण** कार्यक्रममा संघीय र नगर स्तरीय गरी जम्मा रकम रु. ६ लाख वजेट विनियोजन भएकोमा किसान सूचीकरण सहजकर्ता मार्फत वडा नं. १,२,३,४,६ र ७ मा ४ हजार २ सय ६५ घरधुरीको तथ्याङक सर्वेक्षण गरी किसान सूचिकरण गर्ने कार्य सम्पन्न भएको छ।
- **प्रोटिन बेड खरीद तथा वितरण कार्यक्रममा** रु. ५ लाख वजेट विनियोजन भएकोमा ५० प्रतिशत अनुदानमा जुनार उत्पादन हुने क्षेत्रहरुमा २ सय ५ लिटर प्रोटिन बेड खरिद गरी वितरण गरिएको छ। यसबाट ४ सय ५० जना कृषकहरु लाभान्वित भएका छन्।

- **कृषि एम्बुलेन्स** कार्यक्रममा रु. ३० लाख वजेट विनियोजन भएकोमा कृषि एम्बुलेन्स खरीद गरिएको छ। एम्बुलेन्स संचालन कार्यविधि निर्माण भए पश्चात तोकिएको मापदण्डका आधारमा एम्वुलेन्स परिचालन गरिनेछ। यसबाट कृषकहरुले आफुले उत्पादन गरेका कृषि उपजहरु वजार केन्द्र सम्म सहुलियत शुल्कमा ढुवानी गर्ने सेवा प्राप्त गर्नेछन्।
- **कृषि यान्त्रिकरण तथा औजार उपकरण वितरण कार्यक्रमतर्फ** रु. १० लाख वजेट विनियोजन भएकोमा उक्त रकमबाट हाते ट्रयाक्टर ११ थान, फलामे हलो २ सय ६० थान, ट्रयाक्टर फाली सेट २८ थान, ट्रयाक्टर फाली पिस ८ सय ४० थान, ट्रयाक्टर कुटे फाली ९ सेट र धान झार्ने प्याडेल थ्रेसर ११ थान खरिद गरी कृषकहरुलाई वितरण गरीएको छ। जसबाट ७ सय ५० जना कृषकहरु लाभान्वित भएका छन।
- **आकस्मिक बाली संरक्षण कार्यक्रमतर्फ** रु. १३ लाख वजेट विनियोजन भएकोमा मकै बालीमा फौजी किरा नियन्त्रण गर्न ५ ग्रामको (किङ-स्टार) किटनाशक विषादी २५ हजार ५ सय पिस खरिद गरी सबै वडाका कृषकहरुलाई वितरण गरीएको छ।
- **कपास खेती कार्यक्रमतर्फ** रु. ५० हजार वजेट विनियोजन भएकोमा १ सय २५ के.जी कपासको विउ खरीद गरी सबै वडाहरुमा वितरण गरीएको छ।
- **संघीय सशर्त अनुदान कार्यक्रममा खाद्यान्न बालीको उन्नत बीउ उपयोगतर्फ** रु. ८ लाख वजेट विनियोजन भएकोमा विभिन्न जातको धानको बीउ ७ हजार के.जी. खरिद गरी ५ सय जना कृषकहरुलाई वितरण गरिएको र विभिन्न जातको मकैको बीउ ७ हजार २ सय के.जी. खरिद गरी ७ सय २० जना कृषकहरुलाई वितरण गरिएको छ।
- **रैथाने बाली प्रवर्द्धन कार्यक्रम तर्फ** रु. १० लाख ५० हजार वजेट विनियोजन भएकोमा वडा नं.२,७ र ८ का ४ वटा फर्महरुलाई रैथाने बाली प्रवर्द्धन कार्यक्रम कार्यविधि अनुसार जुनेलो र कागुनो वाली कल्सटरमा उत्पादन कार्यक्रम संचालन गरिएको छ। जसबाट स्थानीय स्तरमा लोपोन्मुख रैथाने बालीको संरक्षण भई खाद्य सुरक्षामा टेवा पुग्ने विश्वास गरिएको छ।
- नगर भित्रका ७७ हजार १ सय ५५ वटा पशुपन्छीहरुमा विभिन्न उपचार सेवा प्रदान गरीएको छ।
- नगरका सबै वडाहरुमा २१ हजार ५ सय बाख्राहरुलाई पि. पि. आर. खोप, १८ हजार ७ सय १२ गाई/भैंसी र बाख्रामा खोरेत र ८९६ वटा कुकुरलाई रेबिज रोग विरुद्ध रोग निरोधक भ्याक्सिन लगाईएको छ।
- नगरका ९ सय ५५ वटा सुत्केरी गाई / भैंसीलाई पोषण तथा स्याहार अनुदान प्रदान गरिएको छ। पशुपन्छी प्रबर्द्धन तथा असल पशुपन्छी पालन युवा स्वरोजगार कार्यक्रम अन्तरगत विभिन्न वडामा ४ वटा गोठ / खोर सुधार गरिएको छ।
- एक वडा एक पशु सेवा प्राविधिक कार्यक्रम अन्तर्गत नगरका वडा नं. १ देखी ६ सम्म पशु सेवा केन्द्र सञ्चालन गरी पशु सेवा प्राविधिकहरुलाई सम्वन्धित कार्यमा परिचालन गरिएको छ साथै बाँकी वडाहरुमा समेत पशु सेवा प्राविधिक पुर्याउने प्रक्रियामा रहेको छ।

- समग्रमा पशुपन्छी तथा मत्स्य विकास तर्फ ५६ लाख ५० हजार वजेट विनियोजन भएकोमा रु. ४४ लाख ८९ हजार खर्च भई ७९.४५ प्रतिशत प्रगति हाशिल भएको छ।
- २०८१ साल चैत्र महिना भित्र रामेछाप नगरलाई बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा गर्ने नगरपालिकाको प्रतिवद्धता अनुरुप बालमैत्रीका निर्धारीत सूचक वमोजिमका कार्यहरु सञ्चालन भई रहेका छन्।
- राष्ट्रिय बाल दिवस अन्तर्गत माध्यमिक विद्यालय स्तरीय हाजिरीजवाफ प्रतियोगिता आधारभूत विद्यालय स्तरीय नृत्य प्रतियोगीता र एस.ई.ई. परीक्षामा उत्कृष्ट छात्र / छात्रालाई नगद पुरस्कार वितरण गरिएको छ।
- दिवशीय कार्यक्रम अन्तरगत लैङ्गिक हिंसा विरुद्दको १६ दिने अभियानमा महिला हक अधिकार सम्बन्धि नीतिगत तथा कानुनी व्यवस्था विषयक अन्तर्क्रिया,र्‍याली र सचेतनामूलक सडक नाटक प्रदर्शन गरिएको छ।
- बाबुआमा विहिन कार्यक्रम अन्तर्गत चार जना बालकलाई मासिक जनही रु. दुई हजारका  दरले रकम वितरण गरीएको छ।
- समग्र रामेछाप नगरको नीति योजना, कार्यक्रम, मानव संसाधन, सेवाप्रवाह, सुशासन र उत्तरदायित्व सम्बन्धमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्ने कार्य सम्पन्न भएको छ।
- शारीरिक रुपमा अपाङ्गता भएका बालबालिकाहरुका लागि अपाङ्ग बाल अस्पताल वनेपा संगको समन्वयमा स्वास्थ्य परीक्षण शिवीर संचालन गरिएको छ।
- नगर भित्रका ६० वर्ष उमेर पुरा भएका २ हजार २० जना जेष्ठ नागरिक र ६ सय १४ जना अपांगता भएका व्यक्तिहरुलाई परिचयपत्र वितरण गरिएको छ।
- समग्रमा महिला तथा वालवालिका तर्फ रु.५२ लाख ४६ हजार वजेट विनियोजन भएकोमा रु ४४ लाख ५३ हजार ६ सय ५० खर्च भएको छ।
- रामेछाप जिल्ला अदालतसँगको समन्वयमा अन्तरपालिका न्यायिक समिति समन्वय कार्यक्रम आयोजना गरिएको र यस कार्यक्रमबाट रामेछाप जिल्ला भित्रका  सवै स्थानीय तहका न्यायिक समितिहरुले एउटै ढाँचामा निवेदन हेर्ने एवं निरुपण र मेलमिलापका प्रकृयाहरु अवलम्बन गर्ने कार्यको सुरुवात भएको छ।
- नगरका सवै वडाका २३ जना मेलमिलापकर्ताहरुलाई आधारभूत मेलमिलाप सम्बन्धी ४८ घण्टे तालिम कार्यक्रम सम्पन्न गरिएको छ।
- चालु आर्थिक वर्षमा न्यायिक समितिमा दर्ता हुन आएका विभिन्न प्रकृतिका ६७ थान मुद्धा मध्ये ६२ थान मुद्धा मिलापत्र भएका छन्।
- कानून, न्याय तथा मानव अधिकार प्रवर्द्धन तर्फ रु. १३ लाख वजेट विनियोजन भएकोमा रु. ७ लाख ९२ हजार २ सय ८० खर्च भएको छ।

- नेपाल दुर सञ्चार प्राधिकरणसंगको समन्वयमा रामेछाप नगरपालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालयहरु, सामुदायिक विद्यालयहरु र स्वास्थ्य संस्थाहरुमा अप्टिकल फाईबर सहितको इन्टरनेट विस्तार कार्य अन्तिम चरणमा पुगेको अवस्था रहेको छ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ केन्द्रबाट विनियोजित बजेट रकम रु ४७ लाख ९७ हजार मध्ये २०८० साल जेष्ठ मसान्त सम्म रु. २९ लाख २५ हजार ९ सय १ खर्च भएको छ। यसबाट सडक सोलिङ , नाला, ड्राईवाल, चौतारा, पदमार्ग, सिढी निर्माणका कार्यहरु सम्पन्न भएका छन्। साथै वडा नं. ५ र ६ मा वडाको साझेदारीमा पक्की नाला, मेसोनरी वाल तथा सिढी निर्माणका कार्यहरु सम्पन्न भएका छन्।
- नगरपालिका भित्रका सवै वडा कार्यालयहरुमा व्यक्तिगत घटना दर्ता कार्य अनलाईन प्रणालीबाट सञ्चालन गरिएको छ।
- सामाजिक सुरक्षा भत्ता तर्फ चालु आर्थिक वर्ष ०७९/८० मा रु.१८ करोड ८२ लाख ६२ हजार प्राप्त भएकोमा जेष्ठ नागरिक २४६० जना, जेष्ठ नागरिक दलित १३९ जना, जेष्ठ नागरिक एकल महिला २६८ जना, विधवा ३५४ जना, क वर्गका अपाङ्ग २५० जना, ख वर्गका अपाङ्ग १३६ जना, दलित बालवालिका २७७ जना, लोपोन्मुख जाति १०५० जना गरि जम्मा ४९३४ जना लाभग्राहीको तेस्रो त्रैमासिक सम्मको रकम वैंक खातामा जम्मा गरिएको छ।चौथो त्रैमासिक अवधिका लागि नपुग हुने सामाजिक सुरक्षा भत्ता वापतको रकम रु. १ करोड ६१ लाख २४ हजार ४०रुपैया सम्वन्धित निकाय समक्ष माग गरिएको छ।

समग्रमा चालु आर्थिक वर्ष २०७९/८० को हालसम्ममा यस नगरपालिकामा दैनिक प्रशासन सञ्चालन एवं सेवा प्रवाहको लागि चालु खर्च तर्फ रु.४७ करोड ८८ लाख ६५ हजार ४ सय ४१ रुपैया ८९ पैसा र विकास निर्माण कार्य एवं विषयगत शाखाका कार्यक्रमहरु सञ्चालनका लागि पूँजीगत खर्च तर्फ रु. ३१ करोड १२ लाख ५५ हजार ५५८ रुपैया ११ पैसा समेत गरी कुल रु. ७९ करोड १ लाख २१ हजार विनियोजन भएकोमा हालसम्म चालु तर्फ रु.३३ करोड ६३ लाख ५५ हजार ८ सय ११ रुपैया ६५ पैसा (७०.२३ प्रतिशत ) र पूजीगत तर्फ रु.१६ करोड ७९ लाख ८१ हजार २ सय ५३ रुपैया ९० पैसा (५३.९७ प्रतिशत) समेत गरी कुल रु. ५० करोड ४३ लाख ३७ हजार ६५ रुपैया ५५ पैसा अर्थात कुल विनियोजित वजेट मध्ये हाल सम्म ६३.८३ प्रतिशत रकम खर्च भएको छ।

**सभाध्यक्ष महोदय,**

अव म रामेछाप नगरलाई समुन्नत र समृद्ध रामेछाप वनाउने सङ्कल्पका साथ आजको यस गरिमामय १३ औं नगरसभा समक्ष सभाध्यक्षज्यूबाट प्रस्तुत भएको विषयक्षेत्रगत नीतिहरुको कार्यान्वयनका लागि रामेछाप नगरपालिकालाई आगामी आ.व.२०८०/८१ मा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, विशेष अनुदान, राजश्व बाँडफाँट, समपुरक र समानीकरण अनुदान एवं रामेछाप नगरपालिकाको आन्तरिक स्रोत समेतबाट प्राप्त हुने प्रस्तावित वार्षिक आय व्ययको अनुमान सहितको वार्षिक कार्यक्रम तथा वजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।

आगामी आर्थिक वर्ष २०८०/८१ मा सञ्चित कोष तर्फ संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदान १४ करोड ९ लाख, सशर्त अनुदान चालु २७ करोड ४४ लाख, सशर्त अनुदान पुँजिगत २ करोड २० लाख, विशेष

अनुदान पुँजिगत १ करोड, समपुरक अनुदान पुँजिगत १ करोड ६० लाख, बागमती प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान १ करोड ६१ लाख ४१ हजार, सशर्त अनुदान चालु १ करोड ६६ लाख ६२ हजार, सशर्त अनुदान पुँजीगत १ करोड ४५ लाख, समपुरक अुनदान पुँजीगत २ करोड ९८ लाख, विशेष अनुदान पुँजीगत १ करोड, संघीय सरकार राजश्व वाडफाँडबाट प्राप्त हुने मु.अ.कर, अन्तःशुल्क १० करोड ४३ लाख ४६ हजार, बागमती प्रदेश सरकारबाट प्राप्त हुने सवारी साधन कर ८ करोड ४ लाख ४४ हजार ६ सय ९७ रुपैया ६६ पैसा र नगरपालिकाको विभिन्न शीर्षकबाट प्राप्त हुने आन्तरिक आय बापत रु.१ करोड ६ लाख ८ हजार समेत गरी कुल **७३ करोड ५८ लाख ७३ हजार ६ सय ९७ रुपैया ६६ पैसा आम्दानी** हुने अनुमान गरिएको छ।

त्यस मध्ये नगरकार्यपालिकाको कार्यालय तर्फ संघीय तथा प्रदेश सशर्त अनुदान सहित रु. ४५ करोड २६ लाख ९५ हजार ५ सय, विषयगत शाखा तर्फ रु. ३ करोड २० लाख ९४ हजार ४ सय र वडा कार्यालय तर्फ रु. ८१ लाख समेत कुल रु. ४९ करोड २८ लाख ८९ हजार ९ सय चालु खर्च हुने अनुमान गरिएको छ। त्यसैगरी संघ तथा प्रदेश सशर्त, विशेष र समपुरक अनुदानबाट सञ्चालन हुने योजनाहरुको लागि रु. १० करोड १ लाख ४६ हजार, संघ, प्रदेश र सडक बोर्डसँग साझेदारीका लागि नगरले व्यहोर्नु पर्ने समपुरक कोषका लागि रु.४ करोड ९३ लाख, नगरस्तरीय योजना तथा कार्यक्रमका लागि रु. २ करोड ९२ लाख ४० हजार, वडास्तरीय आयोजना र कार्यक्रमका लागि रु. ५ करोड २२ लाख ९७ हजार ७९७ रुपैया ६६ पैसा र विषयगत शाखा तर्फ रु.१ करोड २० लाख समेत गरी जम्मा रु. २४ करोड २९ लाख ८३ हजार ७ सय ९७ रुपैया ६६ पैसा पुँजीगत खर्च हुने अनुमान गरिएको छ। यसका साथै संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने सामाजिक सुरक्षा भत्ता, गरिबसँग विश्वेश्वर कार्यक्रम लगायत विभिन्न कार्यक्रमहरुमा प्राप्त हुने रकमलाई कार्यक्रमको उद्धेश्य अनुरुप आम्दानी बाँधी खर्च गरिनेछ।

सभाध्यक्ष महोदय,

अव म आगामी आर्थिक वर्ष २०८०/८१ का लागि विषय क्षेत्रगत रुपमा देहाय वमोजिम विनियोजन गरिएको बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## १. सामाजिक विकास

सामाजिक विकासका लागि कुल रु. २ करोड ७५ लाख ३४ हजार ४ सय विनियोजन भएको छ। यस बाट स्वास्थ्य, शिक्षा र महिला तथा वालवालिका क्षेत्रमा तपशिल अनुसार वजेट तथा कार्यक्रम प्रस्ताव गरिएको छ।

**स्वास्थ्य तर्फ रु.** ८७ लाख विनियोजन गरी यसबाट ज्येष्ठ नागरिकसँग मेयर कार्यक्रम अन्तरगत ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण तथा सम्मान, महिला प्रजनन् स्वास्थ्य परीक्षण तथा सुत्केरी घरभेट कोसेली प्रोत्साहन, सुत्केरी महिलाहरुका लागि पोषण कार्यक्रम, प्रसुति सेवाका लागि निःशुल्क एम्बुलेन्स सेवा, रामेछाप जिल्ला अस्पतालमा विशेषज्ञ MDGP चिकित्सक सेवाको निरन्तरता लगायतका कार्यक्रमहरुलाई प्राथमिकता दिईएको छ।

**शिक्षा तर्फ** रु.१ करोड ७ लाख विनियोजन गरिएको छ। यसवाट रामेछाप नगरक्षेत्रमा रहेको स्नातक चिकित्सक, इन्जिनियर एवंम् कृषि र पशु विकास क्षेत्रको विज्ञको अभावलाई परिपूर्ति गर्न सम्वन्धित विषयको स्नातक अध्ययन गर्न १/१ जनालाई छात्रवृत्ति कार्यक्रम, विद्यालय कर्मचारी र सहयोगी कार्यकर्ता पारिश्रमिक अनुदान, बालकक्षा तर्फका कर्मचारी पारिश्रमिक अनुदान, स्वयंम सेवक शिक्षक सहयोग कार्यक्रम, शिक्षकलाई सूचना प्रविधि लगायतका क्षमता विकास तालिम र विद्यालय सुदृढिकरण कार्यक्रम, सामुदायिक विद्यालय व्यवस्थापन

सहजीकरण, विद्यार्थी प्रतिभा पहिचान, स्थानीय पाठ्यक्रम परिमार्जन, राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता तथा विभिन्न खेलकुद लगायतका कार्यक्रमहरु सञ्चालन गरिने छन्।

**महिला तथा वाललालिका** तर्फ रु. ८१ लाख ३४ हजार ४ सय विनियोजन गरिएको छ। यसबाट बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा तयारीका कार्यक्रमहरू, महिला हिंसा न्यूनीकरण, घरेलु हिंसा अन्त्यका लागि वहस पैरवी र जनचेतनामूलक अभियान सञ्चालन, महिला पुरुष समविकास तालिम, सामाजिक विभेद न्यूनीकरण सम्वन्धी कार्यक्रम, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुका लागि विविध कार्यक्रम सञ्चालन लगायत महिला वालवालिका सम्वन्धी विभिन्न दिवशीय कार्यक्रमहरु सञ्चालन गरिने छन्।

## २.आर्थिक विकास

आर्थिक विकासका लागि कुल रु.१ करोड १० लाख विनियोजन भएको छ। यस बाट कृषि तथा पशुपंछी विकास र राजश्व, सहकारी, उद्योग तथा उपभोक्ता हित संरक्षणका क्षेत्रमा तपशिल अनुसार वजेट तथा कार्यक्रम विनियोजन गरिएको छ।

**कृषि विकास तर्फ** रु.४० लाख रकम विनियोजन गरिएको छ। यसबाट **एक वडा एक उत्पादन** कार्यक्रमलाई प्रोत्साहन गर्नका लागि कृषि उपजहरु उत्पादित स्थानबाट सहुलियत दरमा ओसार पसार गर्न कृषि एम्वुलेन्स सेवा संचालन, रामेछाप नगरपालिका वडा नं.६ को ओख्रेनीमा शित भण्डार निर्माण, कृषकहरुलाई तरकारी खेती गर्न प्लाष्टिक टनेल वितरण, जुनार औंषा किरा नियन्त्रण तथा आकस्मिक वाली संरक्षण, कपास खेती प्रवर्द्धन एवंम् किसान सूचीकरण, दन्ते ओखर तथा हाडे बदामको बिरूवा वितरण लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**पशुपन्छी विकास तर्फ** रु.४० लाख रकम विनियोजन गरिएको छ। यसबाट पशुपंन्छीका लागि औषधि खरिद र जुनोटिक तथा महामारी रोग नियन्त्रण, पशुधन सुरक्षाका लागि व्यवसायिक फर्ममा रहेका पशुहरूको निशुल्क बिमा, अगुवा कृषकहरुलाई पशुपालन सम्वन्धि तालिम लगायतका कार्यक्रमहरु सञ्चालन गरिने छ।

**राजश्व, सहकारी, उद्योग तथा उपभोक्ता हित संरक्षण तर्फ रु.** ३० लाख रकम विनियोजन गरिएको छ। यसबाट उद्यमशिलता तालिम सञ्चालन तथा प्रविधिमा सहयोग, उत्कृष्ट सहकारी प्रोत्साहन कार्यक्रम, सिप विकास तालिम, सहकारी लेखा ब्यवस्थापन र COPO MIS तालिम, राजस्व सम्वन्धी सफ्टवेयर तालिम लगायतका कार्यक्रमहरु सञ्चालन गरिने छ।

## ३. सुशासन तथा संस्थागत विकास

**सुशासन तथा संस्थागत विकास तर्फ** रु.११ लाख ६० हजार रकम विनियोजन गरिएको छ। यसबाट चुस्त, दुरुस्त र सेवाग्राहीमैत्री कार्यालय सञ्चालन, जनप्रतिनिधि तथा कर्मचारीहरुलाई क्षमता अभिवृद्धी तालिम, प्रयोगमा रहेका सूचना प्रणालीहरुको मर्मत सम्भार, वडा कार्यालय, स्वास्थ्य चौकी, सार्वजनिक विद्यालयहरुमा इन्टरनेट व्यवस्थापनमा सहयोग, सार्वजनिक सुनवाई, सार्वजनिक परीक्षण, न्यायिक समिति व्यवस्थापन र क्षमता अभिवृद्धी तथा संघ, प्रदेश र स्थानीय तह वीच समन्वय र सहकार्यमा सहयोग पुऱ्याउने कार्यक्रमहरु सञ्चालन हुने छन्।

### ४. वन, वातावरण तथा विपद् व्यवस्थापन

**वन वातावरण र  विपद् व्यवस्थापन तर्फ** रु. ४६ लाख वजेट विनियोजन गरिएको छ । यसबाट प्रकोप तथा महामारी नियन्त्रणका लागि प्रकोप व्यवस्थापन कोषको व्यवस्था, विपद पूर्व तयारी सम्वन्धी सामग्री र फोहोर मैला व्यवस्थापन सम्वन्धी कार्यक्रम, नर्सरी स्थापना तथा वृक्षारोपण कार्यक्रम सञ्चालन हुने छन् ।

### ५. पूर्वाधार विकास

पूर्वाधार विकासका लागि संघ तथा प्रदेश सशर्त, विशेष र समपूरक अनुदानबाट सञ्चालन हुने योजनाहरुको लागि रु. १० करोड १ लाख ४६ हजार, संघ, प्रदेश र सडक बोर्डसँग साझेदारीका लागि नगरले व्यहोर्नु पर्ने समपुरक कोषका लागि रु. ४ करोड ९३ लाख, नगरस्तरीय योजना तथा कार्यक्रमका लागि रु. २ करोड ९२ लाख ४० हजार, वडास्तरीय आयोजना तथा कार्यक्रमका लागि रु.५ करोड २२ लाख ९७ हजार ७९७ रूपैया ६६ पैसा र विषयगत शाखा तर्फ रू.१ करोड २० लाख  समेत गरी जम्मा रु. २४ करोड २९ लाख ८३ हजार ७९७ रुपैया ६६ पैसा विनियोजन गरी सडक, खानेपानी, सिंचाई, भवन लगायतका पूर्वाधार विकास एवंम् स्थानीय आवश्यकता र प्राथमिकताको आधारमा वडा वस्तीस्तरबाट आएका आयोजना र कार्यक्रमहरु सञ्चालन गरिनेछ।

**सभाध्यक्ष महोदय,**

उल्लेखित कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा मार्गदर्शन गर्नुहुने आदरणीय प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, नगरसभा सदस्यज्यूहरु र सम्वद्ध कर्मचारीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेटको सिद्धान्त र प्राथमिकतामा व्यापक छलफल गरी कार्यक्रम तथा वजेट तयारीका क्रममा सुझाव दिनुहुने राजनैतिकदलहरु, राष्ट्रसेवक कर्मचारीहरु, नीजि क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज र सम्पूर्ण नगरबासी दाजुभाई दिदीबहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै प्रस्तुत कार्यक्रम तथा बजेट कार्यान्वयनको लागि सम्पूर्ण नगरवासीहरु एवं सम्बद्ध सबै पक्षबाट आवश्यक सहयोग, सल्लाह एवम् रचनात्मक पृष्ठपोषण प्राप्त हुने विश्वास लिदै नगरबाट सञ्चालन हुने विकास गतिविधिहरु र सेवा प्रवाहमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सवै राजनैतिक दल, गैरसरकारी, सामुदायिक एवं निजी संघ संस्थाहरु, उद्योगी व्यवसायी, बुद्धिजीवी, सञ्चारकर्मी एवं नगरपालिकाका कर्मचारीहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**धन्यवाद ।**

बाल कुमारी कार्की (थापा)
उपप्रमुख
मितिः २०८० असार १० गते, आइतवार

| वडास्तरीय योजना तथा कार्यक्रमहरू (आर्थिक वर्ष २०८०/८१) | | |
|---|---|---|
| वडा नं. १ का योजना तथा कार्यक्रमहरु | | |
| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन रकम |
| १ | दुग्ध संकलन केन्द्र स्थापना | 250,000.00 |
| २ | मसला तथा तरकारी वाली व्यवस्थापन | 100,000.00 |
| ३ | श्री चण्डेश्वरी मावि विद्यालयका अनाथ बालवालिकाको भरण पोषण कार्यक्रम | 100,000.00 |
| ४ | श्री भुमेश्वर विद्यालय शैक्षिक सुधार व्यवस्थापन | 100,000.00 |
| ५ | श्री सिद्धेश्वर विद्यालय शैक्षिक सुधार व्यवस्थापन | 50,000.00 |
| ६ | गोगने सामुदायिक भवन मर्मत | 150,000.00 |
| ७ | कठायत टोल खानेपानी मर्मत | 200,000.00 |
| ८ | भुमेश्वर कठायत टोल बाहुनटोल सडक स्तरोन्नती | 100,000.00 |
| ९ | कौलचउर रमिते चौतारा ट्र्याक ओप | 150,000.00 |
| १० | भुमेश्वर सामुदायिक भवन निर्माण | 150,000.00 |
| ११ | भण्डारी चउर सिंचाई ट्र्यांकी निर्माण | 900,000.00 |
| १२ | देवालीचउर लर्खु सडक स्तरोन्नती | 1,700,000.00 |
| १३ | क्याप्छाकीडाँडा रातोडाँडा बाटो निर्माण | 540,703.57 |
| १४ | भुमेस्थान मन्दिर घेरावार तारजाली | 75,000.00 |
| १५ | चण्डीडाँडा प्रतिक्षालय निर्माण | 150,000.00 |
| १६ | चनौटे साखेपानी ढाडटोल सडक ट्र्याक ओपन | 300,000.00 |
| १७ | महांकाल मन्दिर निर्माण | 150,000.00 |
| जम्मा | | **5,165,703.57** |
| वडा नं. २ का योजना तथा कार्यक्रमहरु | | |
| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन रकम |
| १ | बालमैत्री कार्यक्रम (असहाय, अनाथ तथा दलित विपन्न बालवालिका शैक्षिक सहायता कार्यक्रम, बाल प्रतियोगितात्मक कार्यक्रम, उत्कृष्ट जेहेन्दार बालबालिका प्रोत्साहन कार्यक्रम, बालमैत्री कार्यक्रम व्यवस्थापन, खेलकुद सामाग्री व्यवस्थापन, खेलकुद प्रतियोगिता कार्यक्रम, असहाय संरक्षण विहिन नागरिक सहायता कार्यक्रम) | 400,000.00 |
| २ | दलित, महिला, बालवालिका लगायत लक्षित वर्गका नागरिकहरुलाई नागरिक सचेतना कार्यक्रम (लहरेनी सचेतना केन्द्र मार्फत वडा टोल, विकास संस्थासँगको समन्वयमा कार्यक्रम संचालन गर्ने) | 100,000.00 |
| ३ | गाईखुरा महादेव लाम्टे टोल सुधार अधियान कार्यक्रम | 40,000.00 |
| ४ | लहरेनी टोल सुधार अभियान कार्यक्रम | 60,000.00 |
| ५ | कालिकादेवी देउराली टोल सुधार अभियान कार्यक्रम | 60,000.00 |
| ६ | कालिकादेवी भिरकोट टोल सुधार अभियान कार्यक्रम | 40,000.00 |
| ७ | चाम्वोट टोल सुधार अभियान कार्यक्रम | 40,000.00 |
| ८ | लहरेनी मिलनचउर बजार व्यवस्थापन | 100,000.00 |
| ९ | चाम्वोट धामीडाँडा प्रतिक्षालय व्यवस्थापन, चाम्वोट | 120,000.00 |
| १० | पिपलवोट प्रतिक्षालय व्यवस्थापन, देउराली | 100,000.00 |
| ११ | आच्छामीटोल कुटीडाँडा प्रतिक्षालय निर्माण | 85,000.00 |
| १२ | ढुंगेधारा मुलपधेरो प्रतिक्षालय निर्माण, देउराली | 85,000.00 |
| १३ | रोकाटोल डाँडाटोल प्रतिक्षालय निर्माण | 150,000.00 |
| १४ | हुलाकमाथि पिपलबोट चौतारो निर्माण | 50,000.00 |
| १५ | विद्यालयको शैक्षिक सुधार कार्यक्रम | 400,000.00 |
| १६ | कालिकादेवी मावि विद्यालय भवन उद्घाटन | 100,000.00 |

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन रकम |
|---|---|---|
| १७ | स्वास्थ्य व्यवस्थापन कार्यक्रम | 100,000.00 |
| १८ | गाईखुरा महादेव मन्दिर लाम्टे हुदै शितलादेवि मावि जाने गोरेटो बाटो मर्मत | 100,000.00 |
| १९ | भिरकोट पहिरेपाखा घोरेटो बाटो मर्मत | 400,000.00 |
| २० | गोपाले बस्नेतगाँउ शेराखोला गोरेटो बाटो मर्मत | 50,000.00 |
| २१ | कोलहाले चउर लकाईटोल हुदै स्वामीडाँडा गोरेटो बाटो | 50,000.00 |
| २२ | प्रधानमन्त्री रोजगार कार्यक्रम सहायता सामाग्री व्यवस्थापन कार्यक्रम | 150,000.00 |
| २३ | दोश्रो वडा कप भलिवल प्रतियोगिता कार्यक्रम | 250,000.00 |
| २४ | वडा भित्रका ऐतिहासिक, धार्मिक सांस्कृतिक र विकास गतिविधिहरुको भिडियो डकुमेन्ट्री तयार | 250,000.00 |
| २५ | खानेपानी तथा सिंचाई व्यवस्थापन | 350,000.00 |
| २६ | एक वडा एक पशुपालन पकेट क्षेत्र कार्यक्रम | 300,000.00 |
| २७ | कृषि तथा पशुपन्छी प्रवर्द्धन कार्यक्रम (विषादी खरिद वितरण, उन्नत जातको तोरी विउ खरिद वितरण, व्यवसायिक कृषक तथा पशुपालन उन्नत जातको घाँस रोपन, कृषि तथा पशुपालन सहायता) | 350,000.00 |
| २८ | वडा भित्रका ग्रामीण सडक ट्र्याक ओपन तथा मर्मत (कार्त्तिक मगर टोल सडक, फलाटे साहुटोल सडक, सातदोवाटो रोका टोल सडक, खड्काटोल सडक, लहरेनी क्षेत्र सडक, डाँडाटोल चण्डीडाँडा सार्कीटोल सडक, आच्छामीटोल जिम्मलटोल नेवारटोल सडक, वडा कार्यालय सडक तथा कम्पाउण्ड, धाराखोला भिरकुना काभ्रे हुदै कमलावारी जोड्ने सडक ट्र्याक) | 1,000,000.00 |
| २९ | विविध योजना तथा कार्यक्रम | 400,033.34 |
| **जम्मा** | | **5,680,033.34** |

**वडा नं. ३ का योजना तथा कार्यक्रमहरु**

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन रु. |
|---|---|---|
| १ | गाई, भैसी सुत्केरी प्रोत्साहन भत्ता | 125,000.00 |
| २ | विउ विजन तथा विषादी अनुदान | 125,000.00 |
| ३ | बालमैत्री स्थानीय शासन | 200,000.00 |
| ४ | युवा तथा खेलकुद कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | 300,000.00 |
| ५ | विद्यालय व्यवस्थापन तथा अतिरिक्त कार्यक्रम सञ्चालनको लागि (सेतिदेवी आधारभूत विद्यालय, ककनी आधारभूत विद्यालय, जल्पागुठेश्वरी आधारभूत विद्यालय र कालिका इश्वरी आधारभूत विद्यालयलाई रु एक-एक लाखका दरले जम्मा | 400,000.00 |
| ६ | महिला तर्फ | 80,000.00 |
| ७ | दलित तर्फ | 50,000.00 |
| ८ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | 40,000.00 |
| ९ | अपाङ्ग बालवालिका सम्मान कार्यक्रम | 30,000.00 |
| १० | स्वास्थ्य स्वयम सेविका प्रोत्साहन कार्यक्रम | 50,000.00 |
| ११ | वडाका विभिन्न टोलहरुमा स्वास्थ्य शिविर सञ्चालन कार्यक्रम व्यवस्थापन | 50,000.00 |
| १२ | धारापानी सिचाई कमलाबारी | 100,000.00 |
| १३ | वाँकीमैरी वि.क. टोल खानेपानी पाईप खरिद तथा धारा विस्तार | 100,000.00 |
| १४ | वाँकीमैरी सुवेदी टोल खानेपानी पंधेरो मर्मत | 50,000.00 |
| १५ | हाडीखोला ठाडाखोला सिंचाई कुलो मर्मत | 50,000.00 |
| १६ | डण्डीखर्क पुर्णे गैरा खानेपानी विस्तार | 50,000.00 |
| १७ | साँघुटार खानेपानी मुहान संरक्षण तारबार | 100,000.00 |
| १८ | ज्यामिरबोट कुलो मर्मत | 50,000.00 |
| १९ | दोभाने सातमुरे खनियाटार सिंचाई कुलो मर्मत | 400,000.00 |
| २० | ढाडबेशी मुहान हुँदै राताटार लक्ष्मीवास वेशी कुलो मर्मत | 300,000.00 |

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन रकम |
|---|---|---|
| २१ | दुइमुरे ढाडबारी देखि घाट जाने कुलो मर्मत | 150,000.00 |
| २२ | ढकालटोल थाक्लेबेशी खानेपानी मुहान मर्मत तथा पाईप खरिद | 100,000.00 |
| २३ | दुईमुरे सिचाई कुलो मर्मत | 50,000.00 |
| २४ | बर्राबोट खानेपानी पंधेरो मर्मत लक्ष्मीवास बेशी टोल | 100,000.00 |
| २५ | खराने लक्ष्मीबास पाईप खरिद | 400,000.00 |
| २६ | भौतिक पूर्वाधार विकास (सडक मर्मत, नयाँ सडक विस्तार) | 500,000.00 |
| २७ | सिमपानी मन्दिर अधुरो पुराको लागि | 90,000.00 |
| २८ | लक्ष्मीबास भ्याकुरे कुशादेवी थान निर्माण | 88,000.00 |
| २९ | थाक्लेबेशी राधाकृष्ण मन्दिर घेराबार तथा मन्दिर व्यवस्थापन | 50,000.00 |
| ३० | विश्वकर्मा मन्दिर व्यवस्थान (मर्मतं) | 40,000.00 |
| ३१ | लक्ष्मीबास पाल्पाली कुलपुजा मन्दिर संरक्षण | 90,000.00 |
| ३२ | साँघुटार भिमसेन मन्दिर पर्खाल निर्माण तथा घेराबार | 100,000.00 |
| ३३ | विविध कार्यक्रम | 490,132.02 |
| | **जम्मा** | **4,898,132.02** |

**वडा नं. ४ का योजना तथा कार्यक्रमहरु**

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन रु. |
|---|---|---|
| १ | गनाउने दोभान सालघारी ढिकुरा सडक | 2,000,000.00 |
| २ | वडा स्तरीय विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन | 900,000.00 |
| ३ | वालमैत्री वडा घोषणा गने विविध कायेक्रम सञ्चालन | 400,000.00 |
| ४ | वडा भित्र विविध कायेक्रम | 700,000.00 |
| ५ | अति विपन्न विद्‍यार्थीहरुको लागि छात्रवृत्ति अनुदान | 250,000.00 |
| ६ | पशु सुत्केरी भत्ता | 150,000.00 |
| ७ | रोग किरा नियन्त्रन गने विषादि खरिद साझेदारी कायेक्रम | 100,000.00 |
| ८ | लक्षित कायेक्रम | 250,000.00 |
| ९ | भौसेडाडा चौतारा निमाणे तथा ट्रयाक ओपन | 200,000.00 |
| १० | श्रीकृष्ण आ।वि सरस्वती मन्दिर निमोण | 200,000.00 |
| ११ | डाडा वसेरी सडक ममेत | 170,000.00 |
| १२ | मोक्तान टोल सडक ट्रयाक ओपन | 140,000.00 |
| १३ | सारुगाउ खेलमैदान निमोण | 209,343.82 |
| १४ | पोखरी चिउरी खोला देउराली गोरेटो बाटो निमाणे | 200,000.00 |
| १५ | जैसी टोल प्रतिक्षालय सीडि निमोण | 180,000.00 |
| १६ | चण्डी डाडा लामाङ टोल गोरेटो बाटो र कुरी घर ममेत | 180,000.00 |
| १७ | पकर पचले लिफ्ट खा।पा। | 150,000.00 |
| १८ | सल्लेटार बलिस्टार जोडने सडक | 50,000.00 |
| १९ | मनकामना मन्दिर कमल पुल माथि ब्रम्हको मुति निमोण | 100,000.00 |
| २० | महिला स्वयम सेवीका प्रोत्साहन कायेक्रम | 50,000.00 |
| २१ | मुर्गे गैरा भञ्ज्याङ नाक्चा सडक | 100,000.00 |
| | **जम्मा** | **6,679,343.82** |

**वडा नं. ५ का योजना तथा कार्यक्रमहरु**

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन रु. |
|---|---|---|

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन रकम |
|---|---|---|
| १ | वालकन्या खा. पा. मर्मत | 100,000.00 |
| २ | माझीगाँउ लिफ्ट खा.पा. | 50,000.00 |
| ३ | लिना खा.पा. इन्टेक निर्माण | 50,000.00 |
| ४ | आइतवारे खा. पा. मर्मत | 100,000.00 |
| ५ | कन्चन खा.पा. मर्मत | 100,000.00 |
| ६ | निर्मल खानेपानी मर्मत | 150,000.00 |
| ७ | छरछरे कैजले वसन्तपुर खा.पा. मर्मत | 100,000.00 |
| ८ | विउ विजन, मल तथा किटनाशक औषधी | 575,000.00 |
| ९ | खोर व्यवस्थापन कार्यक्रम | 100,000.00 |
| १० | पशु औषधि कार्यक्रम र व्यवस्थापन | 125,000.00 |
| ११ | विद्यालय मर्मत रंगरोगन शिवालय, देवीथान गोल्माडाडाँ | 250,000.00 |
| १२ | कक्षाकोठा वसाइ व्यवस्थापन कार्यक्रम | 200,000.00 |
| १३ | शिक्षक शिक्षिका क्षमता विकास कार्यक्रम | 100,000.00 |
| १४ | विपन्न वालवालिका छात्रवृत्ति | 100,000.00 |
| १५ | परिक्षा समिति व्यवस्थापन | 125,000.00 |
| १६ | स्वयं सेविका प्रोत्साहन कार्यक्रम | 70,000.00 |
| १७ | एम्वुलेन्स व्यवस्थापन | 200,000.00 |
| १८ | वालवालिका अतिरिक्त कृयाकलाप कार्यक्रम | 150,000.00 |
| १९ | वालवालिका बैठक संचालनमा खाजा खर्च | 150,000.00 |
| २० | वडा भरीको सडक मर्मत सम्भार | 200,000.00 |
| २१ | दाइजोर सडक नाला व्यवस्थापन | 150,000.00 |
| २२ | खहरे खोला कुरी घर निर्माण | 200,000.00 |
| २३ | सिढी निर्माण – ग्वाले सिढी निर्माण | 100,000.00 |
| २४ | चारघरे भञ्ज्याङ्घ सिढी निर्माण | 100,000.00 |
| २५ | मानेडाडा ग्राउण्ड निर्माण | 50,000.00 |
| २६ | चारघरे सिरानटोल पदमार्ग अधुरो | 50,000.00 |
| २७ | सिम्ले सिढी निर्माण | 75,000.00 |
| २८ | झराप्दी सिढी निर्माण | 150,000.00 |
| २९ | भिमेश्वर मन्दिर मर्मत | 50,000.00 |
| ३० | काभ्रे माथिल्लो टोल सिढी निर्माण | 150,000.00 |
| ३१ | घ्यासटार सडक नाला व्यवस्थापन | 100,000.00 |
| ३२ | चनौटे टोल सिढी निर्माण | 150,000.00 |
| ३३ | ल्होसे गुठीघर निर्माण | 150,000.00 |
| ३४ | रामपुर पोखरी टोल ट्याकी निर्माण | 250,000.00 |
| ३५ | घेरावार दाइजोर | 150,000.00 |
| ३६ | रिङ्वावोट सिढी निर्माण | 100,000.00 |
| ३७ | टोखा मण्डली जस्ता खरीद | 50,000.00 |
| ३८ | मन्दिर सम्पन्न गर्ने झार्ति | 200,000.00 |
| ३९ | मन्दिर पुर्ण सम्पन्न धन्यश्वरी | 225,000.00 |
| ४० | वरवोट चाौतारा तथा प्रतिक्षालय निर्माण वसन्तपुर | 100,000.00 |

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन रकम |
|---|---|---|
| ४१ | लिना सामुदायिक भवन निर्माण सम्पन्न | 100,000.00 |
| ४२ | विपद व्यवस्थापन कोष | 100,000.00 |
| ४३ | महिला सशक्तिकरण | 75,000.00 |
| ४४ | युवा तथा खेलकुद | 75,000.00 |
| ४५ | दलित सशक्तिकरण | 50,000.00 |
| ४६ | कार्यालय फर्निचर, रंगरोगन | 200,000.00 |
| ४७ | विविध | 502,346.95 |
| | **जम्मा** | **#REF!** |

**वडा नं. ६ का योजना तथा कार्यक्रमहरु**

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन रु. |
|---|---|---|
| १ | खानेपानी तथा सिंचाई | 1,700,000.00 |
| २ | भर्विङ कम्पोटिङ मल साझेदारी कार्यक्रम | 100,000.00 |
| ३ | एक वडा एक उत्पादन कार्यक्रम (गेडागुडी) | 200,000.00 |
| ४ | गेडागुडी लेवलिङ प्याकेजिङ कार्यक्रम | 150,000.00 |
| ५ | तरकारी बीउ विजन ५० प्रतिशत अनुदान कार्यक्रम | 150,000.00 |
| ६ | फौजी किराको विषादी ५० प्रतिशतमा वितरण | 40,000.00 |
| ७ | लैना गाई भैसीलाई पोषण भत्ता | 70,000.00 |
| ८ | पशुपंछीको नाम्ले तथा जुकाको औषधी खरिद | 82,626.21 |
| ९ | अत्ति विपन्न विद्यार्थीलाई छात्रवृत्ति (कक्षा १ देखि १० सम्म) | 50,000.00 |
| १० | एस.ई.ई.मा उत्कृष्ट हुने विद्यार्थीलाई सम्मान कार्यक्रम १ छात्रा र १ छात्र | 25,000.00 |
| ११ | जनकल्याण मावि च्यास्कु शैक्षिक कार्यक्रम | 200,000.00 |
| १२ | वडाका आधारभूत विद्यालयहरुमा कार्यक्रम | 150,000.00 |
| १३ | खेलकुद कार्यक्रम | 100,000.00 |
| १४ | विभिन्न कला संस्कृति कार्यक्रम | 150,000.00 |
| १५ | युवा विकास तथा प्रविधि हस्तान्तरण कार्यक्रम | 200,000.00 |
| १६ | च्यास्कु ढाडे सडक विस्तार | 250,000.00 |
| १७ | धमिनिछाप सडक स्तरोन्नती | 150,000.00 |
| १८ | बिसौली सडक स्तरोन्नती | 200,000.00 |
| १९ | डाङसिङटार सडक स्तरोन्नती | 600,000.00 |
| २० | होदिल शाखा सडकहरु स्तरोन्नती | 200,000.00 |
| २१ | वडा स्तरीय सडक मर्मत | 150,000.00 |
| २२ | ओखेनी स्वास्थ्य चौकी फर्निचर | 50,000.00 |
| २३ | महिला स्वयं सेविका प्रोत्साहन सामाग्री कार्यक्रम | 50,000.00 |
| २४ | बालवालिकाहरुलाई अतिरिक्त क्रियाकलाप | 150,000.00 |
| २५ | होदिल दलित वस्तीमा ट्रस प्रतिक्षालय निर्माण | 125,000.00 |
| २६ | गाईटार सामुदायिक भवन मर्मत | 150,000.00 |
| २७ | सिमलभञ्ज्याङ्ग सार्वजनिक शौचालय निर्माण | 150,000.00 |
| २८ | आमा समूह भवनहरु प्लाष्टर | 200,000.00 |
| २९ | विपद् व्यवस्थापन | 100,000.00 |
| | **जम्मा** | **5,892,626.21** |

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन रकम |
|---|---|---|
| **वडा नं. ७ का योजना तथा कार्यक्रमहरु** | | |
| **सि.नं.** | **कार्यक्रम/आयोजना/क्रियाकलापको नाम** | **विनियोजन रु.** |
| १ | रासायनिक मल कृषि पशुपालन तथा उद्योग | 2,000,000.00 |
| २ | वडा कार्यालय व्यवस्थापन, वन वातावरण पर्यटन तथा सरसफाई कार्यक्रम | 300,000.00 |
| ३ | खानेपानी, सिंचाई निर्माण तथा व्यवस्थापन | 700,000.00 |
| ४ | बालमैत्री कार्यक्रम संचालन | 200,000.00 |
| ५ | पूर्वाधार निर्माण तथा मर्मत | 1,500,000.00 |
| ६ | व्यवसायिक प्रशासनिक शिक्षा, स्वास्थ्य, खेलकुद तथा स्वास्थ्य बीमा | 1,175,471.46 |
| ७ | लक्षित वर्ग | 500,000.00 |
| **जम्मा** | | **6,375,471.46** |
| **वडा नं.८ का योजना तथा कार्यक्रमहरु** | | |
| **सि.नं.** | **कार्यक्रम/आयोजना/क्रियाकलापको नाम** | **विनियोजन रु.** |
| १ | निशुल्क स्वास्थ्य बीमा कार्यक्रम | 700,000.00 |
| २ | निशुल्क एम्वुलेन्स सेवा संचालन | 300,000.00 |
| ३ | सम आवि शिक्षण व्यवस्थापन (डुम्रिखर्क) | 240,000.00 |
| ४ | केवलेश्वर आवि व्यवस्थापन (सल्ले) | 120,000.00 |
| ५ | शारदा संस्कृत मावि बाबियाखर्क व्यवस्थापन | 100,000.00 |
| ६ | भुमेश्वर आवि वादी घेरावार | 100,000.00 |
| ७ | मुड्केश्वरी आवि भोटेटार घेरावार | 100,000.00 |
| ८ | स्नातक पढ्ने विद्यार्थी छात्राबृत्ति | 181,900.00 |
| ९ | एक घर एक हिलटेक कार्यक्रम | 500,000.00 |
| १० | पशु सुत्केरी भत्ता | 50,000.00 |
| ११ | रोग किरा नियन्त्रण (विषादी खरिद) | 200,000.00 |
| १२ | खानेपानी पाईप खरिद | 100,000.00 |
| १३ | कामीखोला (कालीआँप) ट्यांकी निर्माण डुम्रीखर्क | 100,000.00 |
| १४ | बाल समुह तथा बाल सञ्जाल बैठक व्यबस्थापन तथा अतिरिक्त क्रियाकलाप खर्च | 200,000.00 |
| १५ | महिला ससक्तिकरण ब्यवसाय तथा सिपमुलक तालिम | 150,000.00 |
| १६ | महिला स्वास्थ्य स्वयम सेविका प्रोत्साहन कार्यम | 50,000.00 |
| १७ | जिमहल ब्यबस्थापन | 100,000.00 |
| १८ | वडा स्तरीय सडक मर्मत तथा निर्माण | 400,000.00 |
| १९ | वडा भित्रको फुटकर योजनाहरु | 238,591.00 |
| २० | मानेडाडाँ देखी रातो डाडाँ सम्म फायर लाईन निमार्ण | 200,000.00 |
| २१ | त्रियापुत्री बस्ने ठाँउमा ट्रस निर्माण डुमूखिर्क (जुगेपानी, बाँहुनधारा, डुम्रीबोट, कालापानी) | 200,000.00 |
| २२ | बुद्धको मुर्ति राख्ने ठाउँमा बुट्टा कोर्ने सल्ले | 200,000.00 |
| २३ | साईटोल सत्संग घर ट्रस निर्माण | 150,000.00 |
| २४ | प्रतिक्षालय निर्माण थुम्की कार्कीटोल बाबियाखर्क | 300,000.00 |
| २५ | साईटोल ट्रस व्यवस्थापन भगेरी | 100,000.00 |
| २६ | प्रतिक्षालय निर्माण भंगेरी | 150,000.00 |
| २७ | कात्तिके सामुदायिक भवन मर्मत भंगेरी | 150,000.00 |
| २८ | प्रतिक्षालय निर्माण माने तामाङ्गटोल | 150,000.00 |

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन रकम |
|---|---|---|
| २९ | सतसंग घर निर्माण डाडाँटोल तामाङ्गटोल | 150,000.00 |
| ३० | देउरालीटोल समुह भबन निर्माण लामागाँउ वादी | 100,000.00 |
| ३१ | छोक्रामे सडक मर्मत लामागाँउ | 100,000.00 |
| ३२ | सेतिदेवी मन्दिर निर्माण लामागाँउ | 100,000.00 |
| | **जम्मा** | **5,980,491.00** |

**वडा नं.९ का योजना तथा कार्यक्रमहरु**

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन रु. |
|---|---|---|
| १ | धारापानी सामुदायिक खानेपानी तथा सरसफाई योजना मर्मत | 200,000.00 |
| २ | जमुनडाँडा चिचिखोप खानेपानी निर्माण | 100,000.00 |
| ३ | गोल्मटाहार चिउरीवोट खानेपानी तथा सरसफाई योजना मर्मत | 100,000.00 |
| ४ | सतिसाल उत्रिङ खानेपानी योजना मर्मत | 100,000.00 |
| ५ | ट्रस भवन निर्माण (५ वटा) | 800,000.00 |
| ६ | बालमैत्री कार्यक्रम | 250,000.00 |
| ७ | खेलकुद कार्यक्रम | 150,000.00 |
| ८ | भुमेथान प्रावि परिसर निर्माण | 100,000.00 |
| ९ | भिरपानी सामुदायिक भवन निर्माण | 600,000.00 |
| १० | भिमसेनथान मन्दिर परिसर निर्माण | 150,000.00 |
| ११ | चौतारा देवीथान मन्दिर निर्माण | 150,000.00 |
| १२ | सिरखोला देवीथान परिसर निर्माण | 150,000.00 |
| १३ | राताटाहार खेल मैदान निर्माण | 150,000.00 |
| १४ | मारमे गुम्वा परिसर निर्माण | 200,000.00 |
| १५ | सामुदायिक भवन फर्निसिङ्ग | 100,000.00 |
| १६ | वडा भरी सडक मर्मत तथा निर्माण | 400,000.00 |
| १७ | शान्दा खोला सडक मर्मत | 100,000.00 |
| १८ | भेडा मार्ने चौर पद मार्ग निर्माण | 100,000.00 |
| १९ | रोग किरा नियन्त्रण गर्न विषादी खरिद | 100,000.00 |
| २० | सुत्केरी पशु प्रोत्साहन कार्यक्रम | 50,000.00 |
| २१ | पशुपालन कार्यक्रम | 200,000.00 |
| २२ | च्याउ खेती कार्यक्रम | 100,000.00 |
| २३ | तरकारी खेती प्रवर्द्धन कार्यक्रम | 150,000.00 |
| २४ | विस्तृत परियोजना प्रतिवेदन तयार | 300,000.00 |
| २५ | महिला स्वयं सेविका प्रोत्साहन कार्यक्रम | 50,000.00 |
| २६ | पञ्चेवाजा संरक्षण | 78,649.30 |
| २७ | अति विपन्न जेहेन्दार विद्यार्थीको लागि छात्रवृद्धि कार्यक्रम | 50,000.00 |
| | **जम्मा** | **4,978,649.30** |